# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २३८ | काठमाडौं | आइतबार, १३ पुस २०८२ | Prabhab National Daily | Sunday, 28 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


प्रतिनिधिसभा निर्वाचन

## १८९०३६८९ मतदाताको हातमा देशको भविष्य

कूल मतदाता: १,८९,०३,६८९
पुरुष मतदाता: ९६,६३,३५८
महिला मतदाता: ९२,४०,१३१
अन्य मतदाता: २००
नयाँ मतदाता: ९,१५,११९



■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकमा करिब सवा नौ लाख मतदाता थपिएका छन् । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि शनिबार अन्तिम मतदाता नामावली प्रकाशन गर्दै उक्त जानकारी दिएको हो ।

आयोगका अनुसार यसपटक कूल नौ लाख १५ हजार ११९ मतदाता थपिएका छन् । जसअनुसार मतदाताको कूल संख्या एक करोड ८९ लाख तीन हजार ६८९ पुगेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । कूल मतदातामध्ये ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० जना अन्य रहेका छन् । यी नै मतदाताले आगामी निर्वाचनमार्फत देशको भविष्य निर्धारण गर्ने छन् ।

गत प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा कूल एक करोड ७८ लाख ८८ हजार ५७० मतदाता रहेका थिए । आयोगले अन्तिम नामावली आयोगको वेभसाइटमा प्रकाशन गरेको छ ।

मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम आयोगबाट शनिबार अन्तिम मतदाता नामावली प्रकाशन भएको हो । मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ मा भएको व्यवस्थाबमोजिम प्रक्रिया पूरा गरी आगामी फागुन २० गते सम्ममा १८ वर्ष उमेर पूरा हुने नागरिकको विवरणलाई अद्यावधिक...

⏭ क्रमशः पृष्ठ २ मा

### समानुपातिक उम्मेदवारको बन्दसूची पेस गर्न आग्रह

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरूले समानुपातिक उम्मेदवारको बन्दसूची निर्वाचन अधिकृतको कार्यालयमा पेस गर्न आग्रह गरेको छ ।

आयोगले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै यही आज पुस १३ र भोलि १४ गते अपराह्न ४ बजेसम्म विधि, प्रक्रिया र प्रमाण कागजात पूरा गरी उम्मेदवार बन्दसूची पेस गर्न अनुरोध गरेको हो । उम्मेदवारको बन्दसूची निर्वाचन अधिकृतको कार्यालयमा पेस गरेपछि वा पेस गर्नुअघि राजनीतिक दलले सर्वसाधारणलाई सार्वजनिक गर्न सक्ने आयोगका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

'समानुपातिक निर्वाचनमा भाग लिन इच्छुक दलहरूले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४, नियमावली, २०७४, र प्रतिनिधिसभा समानुपातिक निर्वाचन निर्देशिका, २०८२ मा तोकिएका विधि, प्रक्रिया र प्रमाण कागजात पूरा गरीमात्रै उम्मेदवारको सूची तयार गरी तोकिएको समयभित्र पेस गर्नुपर्ने छ,' विज्ञप्तिमा भनिएको छ ।

## चुनावमुखी संवाद भरोसाको अभाव



निष्पक्ष र भयरहित वातावरणको ग्यारेण्टी सरकारले गर्छ । कुनै पनि संशय नरहनेगरी हामी काम गर्दै छौं ।

**■ सुशीला कार्की**
प्रधानमन्त्री



चुनावमा जान सबै दल तयार भएका छौं । कांग्रेस तयार छ । एमाले पनि तयार नै छ । तर वातावरण बनिसकेको छैन ।

**■ शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस



एमाले चुनावदेखि भाग्दैन तर सुरक्षाको प्रत्याभूति छैन । लोकतन्त्रलाई ट्र्याकमा ल्याउन गर्ने चुनाव नै हो । तर, हामी अदालतको फैसला कुर्दै छौं ।

**■ केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



**बालुवाटारस्थित प्रधानमन्त्री निवासमा शनिबार प्रधानमन्त्री सुशीला कार्की, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहालबीच भएको भेटवार्ता ।** *तस्बिरः रासस*

■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभा विघटनपछि देश लामो राजनीतिक अन्योलमा फसिरहँदा प्रधानमन्त्री सुशीला कार्कीले ठूला दलका शीर्ष नेताहरूसँग संवाद थालेकी छन् । भदौ अन्तिममा प्रधानमन्त्री नियुक्त भएपछि कार्कीले आफ्नै पहलमा पहिलोपटक नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालसँग बालुवाटारमा राजनीतिक संवाद गरेकी हुन् ।

उनले थालेको संवादलाई सरकारले चुनावतर्फको निर्णायक कदमका रूपमा प्रस्तुत गरेको छ । दलहरूले पनि चुनावबाट पछि नहटेको सन्देश दिएका छन् । तर, उनीहरूको भनाइले निर्वाचनलाई लिएर सरकारप्रति भरोसा अझै पूर्णरूपमा स्थापित हुन नसकेको देखाएको छ ।

यद्यपि, बैठकपछि प्रधानमन्त्री कार्कीले निर्वाचनबारे नेताहरूबाट प्रतिबद्धता आएको दाबी गरेकी छन् । उनले सामाजिक सञ्जाल फेसबुकमा लेखिन्, 'दिगो लोकतन्त्र र स्थिरताका लागि फागुन २१ को निर्वाचन सफल पार्नु सबैको साझा दायित्व हो भन्ने हृदयंगम गरी दलहरूबाट प्राप्त प्रतिबद्धता स्वागतयोग्य छ । निष्पक्ष र भयरहित वातावरणको ग्यारेण्टी सरकारले गर्छ । कुनै पनि संशय नरहनेगरी हामी काम गर्दै छौं ।'

बैठकमा प्रधानमन्त्री कार्कीले तीन नेतालाई फागुन २१ मा तोकिएको प्रतिनिधिसभा निर्वाचन जसरी पनि सफल पार्न आग्रह गरेकी थिइन् । उनको भनाइ उद्धृत गर्दै प्रेस संयोजक रामबहादुर रावलले पत्रकारहरूसँग भने, 'यो घर तपाईंहरूकै हो । म त न्याय क्षेत्रको मान्छे हुँ । राष्ट्रपतिज्यूबाट पाएको कार्यादेशअनुसार हामी चुनावको तयारीमा छौं । यो निर्वाचन जसरी पनि सफल पारौं ।'

दलका नेताहरूको सार्वजनिक अभिव्यक्तिलेचाहिँ रावलले भनेजस्तो सहमति भएको छनक देखाएको छैन । बैठकपछि कांग्रेस सभापति देउवाले पत्रकारहरूसँग भने, 'चुनावमा जान सबै दल तयार भएका छौं । कांग्रेस तयार छ । एमाले पनि तयार नै छ । तर वातावरण बनिसकेको छैन ।'

देउवाले यसअघि पनि दलहरूले निर्वाचनको निर्बाध प्रचार गर्न पाउने स्थिति नरहेको भन्दै चिन्ता प्रकट गरेका थिए । यसमा सरकार गम्भीर बन्नुपर्ने उनको सुझाव थियो । वर्तमान राजनीतिक संकट समाधान निर्वाचनबाट मात्रै हुने निष्कर्षमा कांग्रेस रहेको भन्दै उनले भयरहित, निष्पक्ष र स्वतन्त्र निर्वाचनको वातावरण बनाउन सरकारले अझै थुप्रै काम गर्नुपर्ने जनाएका थिए । शनिबार पनि उनले त्यही विषय प्रधानमन्त्री कार्कीसँग दोहोऱ्याएका हुन् ।

एमाले अध्यक्ष ओलीको धारणा पनि देउवाको जस्तै थियो । उनले चुनाव अस्वीकार नगरे पनि सुरक्षाको प्रत्याभूति र राजनीतिक निष्पक्षताको प्रश्न उठाए । ओलीको भनाइ उद्धृत गर्दै एमाले उपाध्यक्ष रघुजी पन्तले प्रभावसँग भने, 'एमाले चुनावदेखि भाग्दैन तर त्यसको वातावरण चाहिँदैन ? चाहिन्छ छ नि । लोकतन्त्रलाई ट्र्याकमा ल्याउन गर्ने चुनाव नै हो । तर, हामी अदालतको फैसला कुर्दै छौं भन्नुभयो ।'

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## जापानको योजना: सन् २०२८ सम्म १२ लाखभन्दा बढी विदेशी कामदार भित्र्याउने

- नयाँ योजनाअनुसार सन् २०२७ को मार्चबाट कामदार लग्न सुरू गर्ने
- श्रमिक आपूर्ति अत्यन्तै न्यून भएका क्षेत्रमा मात्र विदेशी कामदार स्वीकार गर्न दिइने
- नयाँ प्रणालीअन्तर्गत तीन वर्ष काम गरेपछि विदेशी कामदारहरूलाई विशेष दक्ष कामदारको दर्जामा स्तरवृद्धि गर्न प्रोत्साहित गरिने



■ प्रभाव संवाददाता

**काठमाडौं–** जापानले मुख्य श्रम प्रवासी कार्यक्रमअन्तर्गत सन् २०२८ सम्म कटिरब १२ लाख ३० हजार विदेशी कामदार भित्र्याउने योजना बनाएको छ । यसलाई श्रम संकट घटाउने उद्देश्यले गरिएको ठूलो परिवर्तनको रूपमा हेरिएको द जापान टाइम्सले जनाएको छ ।

योजनाअनुसार स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्लू) प्रकार १ भिसामा रहने व्यक्तिहरूको संख्या आठ लाख पाँच हजार ७०० हुने छ । त्यस्तै, नयाँ प्रशिक्षणमा आधारित कामदारको संख्या चार लाख २६ हजार २०० मा सीमित गरिने जनाइएको छ । यसर्थ कूल मिलाएर १२ लाख ३३ हजार श्रमिक हुने छन् ।

समाचारका अनुसार यो संख्या आर्थिक वर्ष २०२८ को अन्त्यमा हुनसक्ने श्रमिक अभावको अनुमान लगाएर गणना गरिएको हो । सरोकारवालाका अनुसार केही क्षेत्रमा भने डिजिटलाइजेसन र स्वचालनले श्रमिकको माग घटाउने छ । जसले एसएसडब्लू प्रकार १ को सीमा घटाउनुमा योगदान पुऱ्याउने भनिएको छ ।

नयाँ योजनाअनुसार सन् २०२७ को मार्चबाट कामदार लग्न सुरु गर्ने तय भएको छ । यो कार्यक्रम आव २०२८ को अन्त्यसम्म दुई वर्षको अधिकतम सीमाभित्र सञ्चालन हुने बुझिएको छ । श्रमिक आपूर्ति अत्यन्तै न्यून भएका क्षेत्रहरूमा मात्र विदेशी कामदार स्वीकार गर्न दिइने भनिएको छ । उनीहरूले जनवरीमा वा यसको आसपास मन्त्रीपरिषद्को स्वीकृति प्राप्त गर्ने लक्ष्य राखेका छन् ।

जापानमा सरकारले दिएको गत जुनको अन्त्यसम्मको तथ्यांकअनुसार एसएसडब्लू टाइप १ स्थितिमा तीन लाख ३३ हजार १२३ कामदार र प्राविधिक प्रशिक्षणमा चार लाख ४९ हजार ४३२ जना कामदार थिए ।

यो योजना जापानले विदेशी कामदारसम्बन्धी नीतिहरूको व्यापक समीक्षा गर्दै गर्दा आएको होजसअन्तर्गत भिसा म्याद नाघ्नेहरूका लागि कडा कानुनहरू समावेश थिए । प्रधानमन्त्री सानाए ताकाइचीको निर्देशनपछि नीतिहरूमा व्यापक समीक्षा भएको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

## निर्णायक वार्ता अनिश्चित मोडमा







- सम्भावित राजनीतिक सहकार्यबारे रवि, कुलमान र बालेनबीच भेटवार्ता अबरूद्ध
- शनिबार निर्णायक भेटवार्ता हुने भनिएकोमा फोनवार्तामै सीमित
- रविसँग बालेनको भागबण्डामा जुटेन समझदारी
- रविको प्रस्ताव कुलमानद्वारा अस्वीकार, अस्तित्व नामेट हुनेगरी एकता नगर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, उज्यालो नेपाल पार्टीका संरक्षक तथा ऊर्जामन्त्री कुलमान घिसिङ र काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साहबीच सम्भावित राजनीतिक सहकार्यका लागि सुरु भएको संवाद अनिश्चित मोडमा पुगेको छ ।

बिहीबार र शुक्रबार भेटेरै संवाद गरेका यी तीन नेता शनिबार टेलिफोन संवादमै सीमित भए । दुई दिने भेटवार्तापछि गरिएको प्रचारलाई आधार मान्दा त शनिबार राजनीतिक सहकार्यको सन्दर्भमा यी नेताहरूको भेटवार्ता निर्णायक हुने भनिएको थियो । तर, भेटवार्ता नै भएन ।

एकताको अर्थ अरूलाई समाप्त गर्नु होइन । सबैको अस्तित्व स्वीकार गर्दै, सबैलाई सम्मान हुनेगरी अघि बढ्नु नै साँचो एकता हो ।

**■ कुलमान घिसिङ**
संरक्षक, उज्यालो नेपाल पार्टी

कुलमान संरक्षक रहेको उज्यालो नेपाल पार्टीका नेता प्रा.डा. महेन्द्रसुन्दर लावतीका अनुसार पार्टी नाम, चिह्नदेखि नेतृत्वसम्मको विषयमा सहमति जुटेकै छैन । सहमति नभइकन रास्वपा र बालेनसँग सहकार्य नहुने उनले बताए ।

'हामी केही दिनदेखि वैकल्पिक राजनीतिक शक्तिहरूसँग एकता गरेरै जाऔं भनेर संवादमा छौं र त्यसमा रास्वपा, बालेनजीलगायतसँग संवाद भइरहेको छ,' उनले प्रभावसँग भने, 'तर, एकीकृत पार्टीको नाम के राख्ने, चुनाव चिह्न कसको राख्ने ? नेतृत्व कसले गर्ने ? यी मुद्दाहरूमै सहमति जुटिसकेको छैन । यत्ति नभई कोहीसँग सहकार्य हुँदैन ।'

⏭ क्रमशः पृष्ठ २ मा

# प्रशिक्षण केन्द्रहरूबीच सहकार्य सुदृढ गर्न नेटवर्किङ कार्यशाला

**काठमाडौं (प्रस)–** खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको क्षमता विकासलाई अझ प्रभावकारी, समन्वयात्मक र दिगो बनाउने उद्देश्यसहित सरकारी प्रशिक्षण केन्द्रहरूबीच सहकार्य सुदृढ गर्न एकदिने नेटवर्किङ कार्यशाला आयोजना गरिएको छ ।

शनिबार राष्ट्रिय खानेपानी तथा सरसफाइ अनुसन्धान, नवप्रवर्तन तथा क्षमता अभिवृद्धि केन्द्रमा सम्पन्न कार्यशालामा संघ, प्रदेश तथा स्थानीय तहमा कार्यरत प्रमुख सरकारी प्रशिक्षण संस्थाहरूको सहभागिता थियो । कार्यशालाले वास क्षेत्रसँग सम्बन्धित सरकारी प्रशिक्षण संस्थाहरूबीच आपसी समझदारी, अनुभव आदानप्रदान तथा दीर्घकालीन सहकार्यका सम्भावना पहिचान गर्न महत्त्वपूर्ण भूमिका खेलेको जनाइएको छ ।

वातावरण र जनस्वास्थ्य संस्था (एन्फो)को सहकार्यमा आयोजना गरिएको उक्त कार्यशालाको मुख्य उद्देश्य प्रशिक्षण दृष्टिकोण, असल अभ्यास, सिकाइ अनुभव तथा तालिम प्रणालीमा रहेका चुनौतीहरूबारे छलफल गर्दै साझा समाधान र सहकार्यका क्षेत्रहरू पहिचान गर्नु रहेको थियो । कार्यशालामा राष्ट्रिय खानेपानी तथा सरसफाइ अनुसन्धान, नवप्रवर्तन तथा क्षमता अभिवृद्धि केन्द्र, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, प्राविधिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रलगायतका प्रमुख सरकारी प्रशिक्षण संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।

त्यस अवसरमा एन्फोले विगत तीन दशकभन्दा बढी समयदेखि खानेपानी, सरसफाइ तथा स्वच्छता, सार्वजनिक स्वास्थ्य, वातावरण संरक्षण तथा क्षमता विकास क्षेत्रमा गर्दै आएको कामका अनुभव प्रस्तुत गरेको थियो । साथै संस्थाले विकास गरेका प्रशिक्षण प्याकेज, सिकाइ सामग्री, सहभागीमूलक तालिम विधि तथा फिल्डमा आधारित अभ्यासका नमुनाहरू पनि प्रस्तुत गरिएको थियो ।

कार्यशालामा सहभागी सरकारी प्रशिक्षण केन्द्रहरूले पनि आ-आफ्ना क्षमता विकास गतिविधि, तालिम प्राथमिकता, विद्यमान चुनौती तथा आगामी योजनाबारे जानकारी गराएका थिए । प्रस्तुतीकरणले साझा चुनौतीहरू पहिचान गर्न र सहकार्यका सम्भावनाहरू स्पष्ट गर्न सहयोग पुगेको राष्ट्रिय खानेपानी तथा सरसफाइ अनुसन्धान, नवप्रवर्तन तथा क्षमता अभिवृद्धि केन्द्रका कार्यकारी निर्देशक ई रामकुमार श्रेष्ठले बताए ।

# बाल शल्य चिकित्सक समाजको अध्यक्षमा डा. थापा

**काठमाडौं (प्रस)–** नेपाल बाल शल्य चिकित्सक समाजको अध्यक्षमा डा. विजय थापा निर्वाचित भएका छन् ।

समाजको आठौं वार्षिक साधारणसभाबाट थापाको नेतृत्वमा १० सदस्यीय पदाधिकारी चयन गरिएको हो । नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा डा. नृपेश राजभण्डारी, महासचिवमा डा. दिनेश कोइराला, सचिवमा डा. जस्मिन बज्राचार्य, कोषाध्यक्षमा डा. बालमुकुन्द बस्नेत र सहकोषाध्यक्षमा डा. शिरिष सिलवाल चयन भएका छन् । यसैगरी, सदस्यहरूमा डा. हीरामणि पाठक, डा. निशान्त सिंह, डा. अनु महर्जन र डा. सुलोचना दाहाल चयन भएका छन् ।

सन् २०१५ मा स्थापना भएको यस संस्था हाल विभिन्न विधाका ३५ जना बाल चिकित्सकको आबद्धता छ । नवनिर्वाचित अध्यक्ष डा. थापाले नेपालमा बाल शल्य चिकित्सकको संख्या न्यून रहेको र उपलब्ध जनशक्तिले पनि जागिर पाउन नसकेको बताए । उनले भने, 'विशेषज्ञ कम हुँदा बाल शल्यक्रियामा अपेक्षाअनुसारको उपलब्धि हुन सकेको छैन । विशेषज्ञ उत्पादन गर्न सरकारले प्राथमिकतमा राख्नुपर्छ । सबै प्रदेशमा बाल शल्य चिकित्सक पुऱ्याउनुपर्छ ।'

पृष्ठ १ बाट क्रमशः

## चुनावमुखी...

ओलीको दल एमालेले प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च अदालतमा कानुनी चुनौती दिएको छ । त्यसमा कांग्रेस पनि थपिएको छ । १२ जना कानुन व्यवसायीले पनि रिट दायर गरेका छन् । यो रिट संवैधानिक इजलासमा छ । तर, अन्तिम सुनुवाइ भएको छैन ।

हालै पूर्वन्यायाधीश फोरमले प्रतिनिधिसभा विघटन र अन्तरिम सरकार गठन दुवैको संवैधानिक परीक्षणपछि मात्रै प्रतिनिधिसभा निर्वाचन हुनुपर्ने धारणा अघि सारेको थियो । यसले कांग्रेस र एमालेलाई बल पुगेको छ । त्यही भएर प्रधानमन्त्री कार्कीले शनिबार बोलाएको बैठकमा पनि ओलीले अदालत पुगेको मुद्दाको किनारा अनिवार्य हुनुपर्ने कोणबाट धारणा राखेका हुन् ।

उसो त जेन-जी विद्रोहका क्रममा भएको बल प्रयोग र विध्वंशको जाँचबुझ गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्रीको हैसियतमा बयान लिने तयारी गरेकोप्रति ओली असन्तुष्ट छन् । त्यसले चुनावी सुरक्षाभन्दा पनि राजनीतिक प्रतिशोधको आशंका ओलीमा बढेको देखिएको छ ।

बैठकमा नेकपाका संयोजक दाहाल फागुन २१ कै मितिमा चुनाव हुनुपर्ने पक्षमा स्पष्ट देखिएका छन् । उनले यताउता नगरी जसरी भए पनि चुनाव हुनुपर्ने बताएका थिए । दाहाल यसअघिदेखि नै चुनावमा जानुपर्नेमा स्पष्ट छन् । तर, सरकारले दलका नेतृत्वहरूसँग छलफल गर्नुपर्ने बताउँदै आएका थिए ।

यसअघि प्रधानमन्त्री कार्कीलाई भने तीन दलका मुख्य नेताको मुखै हेर्दिनँ भन्ने आफ्नै अभिव्यक्तिले अप्ठेरो परेको थियो । यस्तोमा हालै राष्ट्रपति रामचन्द्र पौडेलको समन्वयमा शीतल निवासमा प्रधानमन्त्री कार्कीसहित देउवा, ओली र दाहालको भेटवार्ता भएको थियो । त्यसको दुई दिनमा प्रधानमन्त्री निवास बालुवाटारमा तीन नेतासँग कार्कीले भेटवार्ता गरेकी हुन् । यसले शीर्ष तहमा लामो समयदेखि कायम संवादहीनता तोडिएको छ ।

■■■

## १८९०३६८९...

गरी अन्तिम मतदाता नामावली प्रकाशन गरिएको प्रवक्ता भट्टराईले बताए ।

आयोगले यसपटक देशभरका निर्वाचन कार्यालयसँगै राष्ट्रिय परिचयपत्र प्रणालीबाटसमेत नयाँ मतदाता नामावली दर्ता गर्ने व्यवस्था गरेको थियो । गृह मन्त्रालयको राष्ट्रिय परिचयपत्र प्रणाली र निर्वाचन आयोगको मतदाता नामावली प्रणालीलाई अन्तरआबद्धता गरिएसँगै छोटो समयमै धेरै मतदाता थपिएका थिए । गृह मन्त्रालयका अनुसार अन्तर आबद्धतामार्फत मात्र चार लाख ९२ हजार मतदाता थपिएका छन् ।

यी हुन् अस्थायी मतदाता

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभाको निर्वाचनका लागि निर्वाचन आयोगले अस्थायी मतदाता नामावलीमा नाम समावेश हुनेहरूको निर्धारण गरेको छ ।

आयोगले अन्तिम मतदाता नामावलीमा नाम रहेका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी अस्थायी मतदाताका रूपमा रहने छन् । यस्तै, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी, कारागारमा रहेका थुनुवा र कैदी, निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी पनि अस्थायी मतदाताका रूपमा रहने छन् ।

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा ती सरकारको स्वीकृत लिई सञ्चालन भएको वृद्धाश्रममा बसेका व्यक्ति, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी पनि अस्थायी मतदाताका रूपमा रहने छन् । अस्थायी मतदाता नामावली समन्वय समितिको संयोजकमा मतदाता नामावली हेर्ने निर्वाचन आयुक्त रहने व्यवस्था छ ।

सो समितिमा निर्वाचन आयोगका सचिव, गृह मन्त्रालय, रक्षा मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्य रहने व्यवस्था छ । निर्वाचन आयोगका सबै महाशाखाका सहसचिव आयोगका वरिष्ठ कम्प्युटर अधिकृत सदस्य रहने व्यवस्था छ । यस्तै, मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा वा तोकेबमोजिमको उपसचिव सदस्यसचिव रहने छन् ।

यसैगरी जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्थित सुरक्षा निकायका प्रमुख, जिल्ला कारागार प्रमुख सदस्य रहने छन् । निर्वाचन अधिकारीलाई सदस्य सचिवका रूपमा रहने व्यवस्था गरिएको छ ।

अस्थायी मतदाता नामावली संकलनका लागि सम्बन्धित निकायसँग कर्मचारीको विवरण माग गर्ने र विद्युतीय प्रतिसहित निर्वाचन कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । अस्थायी मतदाता नामावली प्रमुख नाम दर्ता अधिकारीले सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनुपर्ने छ । निर्वाचन अधिकृतले मतदाता केन्द्रमा खटिने कर्मचारी वा सुरक्षाकर्मीको अस्थायी मतदाता नामावली निर्धारित ढाँचामा तयार पार्नुपर्ने व्यवस्था छ ।

■■■

## जापानको...

मुलुकमा विदेशी कामदारको माग बढ्नुले उक्त समीक्षाका लागि उत्प्रेरित गरेको बताइएको छ ।

जापान आफ्नो वृद्ध जनसंख्याका कारण लगातार कामदार अभावको सामना गरिरहेको छ । यसको समाधान गर्न त्यहाँको सरकारले लामो समयदेखि आलोचित 'टेक्निकल इन्टर्न ट्रेनिङ प्रोग्राम'लाई बन्द गर्ने योजना बनाएको छ । उक्त कार्यक्रमले सस्तोमा कामदार ल्याउने गरेको र उनीहरूका अधिकार उल्लंघन भएको भन्दै जोडेर आलोचना हुँदै आएको छ । यसलाई इम्प्लोइमेन्ट फर स्किल डेभलपमेन्ट (इएसडि)नामको नयाँ कार्यक्रमले प्रतिस्थापन गर्ने छ । नयाँ प्रणालीअन्तर्गत तीन वर्ष काम गरेपछि विदेशी कामदारहरूलाई विशेष दक्ष कामदारको दर्जामा स्तरवृद्धि गर्न प्रोत्साहित गरिने छ । यसबाट उनीहरू जापानमा लामो समय बस्न अनुमतिसमेत पाउने छन् ।

जापान केही वर्षयता नेपालीहरूको आकर्षक रोजगार गन्तव्य बन्दै गएको छ । गत आव २०८१/८२ मा २३ हजार ७१ नेपाली श्रम स्वीकृति लिएर जापान गएका छन् । तर वैदेशिक रोजगार व्यवसायीले भने सन् २०१७ मै खारेज भइसकेको प्रावधानअनुसार कामदारलाई जापान पठाउँदा व्यक्तिगत श्रम स्वीकृति लिएर जानेको संख्या बढेको छ । यसलाई मध्यनजर गर्दै सरकारले जापानमा सीपयुक्त जनशक्ति पठाउनेसम्बन्धी कार्यविधि बनाइसकेको छ । जापानमा श्रमिकको उच्च माग रहेको अवस्थामा उक्त प्रणाली कार्यान्वयनमा आएपछि धेरै नेपालीले रोजगारीको अवसर पाउने बताइएको छ ।

■■■

## निर्णायक...

कुलमानले शनिबार नै उज्यालो नेपाल पार्टी नुवाकोट-काठमाडौं सम्पर्क समितिको उद्घाटन गर्दै अस्तित्व समाप्त पारेर एकता नगर्ने प्रस्ट पारे । 'एकताको अर्थ अरूलाई समाप्त गर्नु होइन,' उनले भने, 'सबैको अस्तित्व स्वीकार गर्दै, सबैलाई सम्मान हुनेगरी अघि बढ्नु नै साँचो एकता हो ।'

आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै राजनीतिक सहकार्यको पाटोमा खासगरी रवि र बालेनबीच पछिल्ला केही दिनदेखि तीव्र संवाद चल्यो । बालेनका सहयोगी कुमार बेनको घरमा पटक-पटक उनीहरूबीच संवाद भयो । तर, सहकार्यको मोडालिटीसमेत तयार भएको छैन । पार्टी सभापति को हुने ? निर्वाचनपछि प्रधानमन्त्री कसलाई बनाउने ? यी विषयमा संवाद भए ।

तर, रास्वपा स्रोतका अनुसार समानुपातिक उम्मेदवारको विषयमा रवि र बालेनबीच समझदारी भइसकेको छैन । रवि ६० प्रतिशत समानुपातिक उम्मेदवार रास्वपाबाट हुनुपर्ने अडानमा छन् । बालेन ५०/५० को अनुपातमा समानुपातिक उम्मेदवार बनाउनुपर्ने पक्षमा छन् । दुवै आफ्नो अडानबाट टसमस छैनन् जसले बाँकी एजेण्डामा संवाद हुनै नपाएको स्रोत भन्छ । बालेनले आफू, कुलमान र जेन-जी पक्षबाटसमेत गरी ५० प्रतिशत समानुपातिक उम्मेदवारको हिस्सा हुनैपर्ने बताइरहेका छन् ।

यस्तोमा रविले भने कुलमानसँग पहिलो चरणमै राजनीतिक सहकार्यमा अनिच्छा प्रकट गरिरहेका छन् । दोस्रो चरणमामात्रै सहकार्यबारे संवाद गर्न सकिने पार्टीभित्र भनिरहेका छन् । तर, बालेन त्यसमा पनि सहमत छैनन् ।

यसले देखाउँछ कि बालेनका लागि यो सहकार्य पार्टी एकता नभई 'नयाँ राजनीतिक धार' निर्माणको कदम हो जहाँ कुलमान र जेन-जी समूह निर्णायक शक्तिमा आएको देख्न सकिन्छ । उसो त बालेनकै सल्लाहमा निर्वाचन आयोगमा देश विकास पार्टी दर्ता भइसकेको छ । उनी स्वतन्त्र नभई पार्टीबाट निर्वाचनको मैदानमा उत्रिने कसरतमा छन् । यस्तो बेला बालेनपक्षले रास्वपासँगको वार्तामा दबाबको कार्ड प्रयोग गरेको बताइन्छ ।

उता कुलमान पनि यहीबेला अस्तित्व नामेट नहुने सर्तमा पार्टी एकता गर्ने पक्षमा छन् । जबकि, रास्वपाले भने रवि सभापति, बालेन प्रधानमन्त्री र कुलमानलाई सहअध्यक्षको रूपमा प्रस्ताव गरेको छ । यही सन्दर्भलाई जोडेर कुलमान र उनको दलले आपत्ति जनाएको छ । अस्तित्व नामेट हुनेगरी पार्टी एकता नगर्ने निचोडमा उज्यालो नेपाल पार्टी पुगेको छ । यसबाट राजनीतिक सहकार्यको चर्चा रवि-बालेनमात्रै सीमित नभई तेस्रो शक्तिको हैसियतमा उभिन खोजिरहेको कुलमान समूहको आफ्नै राजनीतिक स्वार्थ र गणना पनि उत्तिकै बलियो रहेको देखाउँछ ।

### वार्ता जिम्मा अध्यक्षलाई

उज्यालो नेपाल पार्टीले अध्यक्ष अनुपकुमार उपाध्यायलाई अन्य दलसँग एकता गर्न संवादको जिम्मा दिएको छ । शनिबार बसेको पार्टी बैठकले एकताकेन्द्रित संवाद गर्ने अधिकार अध्यक्ष उपाध्यायलाई प्रत्यायोजन गर्ने निर्णय गरेको हो ।

पार्टी सबैको सहअस्तित्व स्थापित हुनेगरी एकताको पक्षमा रहेको जनाएको छ । कुनै दलमा विलय हुने विषयलाई दलले खारेज गरिदिएको छ । बैठकले सबै वैकल्पिक तथा अग्रगामी राजनीतिक दलहरूलाई एकताका लागि आह्वान गर्ने निर्णय पनि गरेको छ ।

■■■


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८२/०९/१३ गते**

यस कम्पनीको मिति २०८२/०५/१६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बिर बेताल एग्रो फरेष्टी प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/२६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अनायरा ड्रेस एण्ड प्रिन्ट हाउस (प्रा.लि.नं. २२९१८८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०७७/०६/२० मा दर्ता भएको **प्रा. लि. नं. २४४२२१** को **टुडेज् नेपाल निर्माण सेवा प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### सिद्धार्थ इन्टरनेशनल होटल लि.

मायादेवी - ०८, भैरहवा

**आर्थिक वर्ष २०८१/०८२ को वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(दोस्रो पटक मिति २०८२/०९/१३ गते प्रकाशित)

यस सिद्धार्थ इन्टरनेशनल होटल लि. को मिति २०८२/०९/०६ गते बसेको संचालक समितिको बैठकको निर्णय तथा कम्पनीको स्वीकृत नियमावलीको नियम १८(३) बमोजिम २१ दिन अगावै शेयरधनीहरुलाई वार्षिक साधारण सभाको सूचना दिनु पर्ने व्यवस्था बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने तथा उक्त सभामा निम्न बमोजिमका प्रस्तावहरु छलफलको लागि प्रस्तुत हुने व्यहोरा सम्पूर्ण शेयरधनीहरुलाई सूचित गरिन्छ ।

**सभा हुने:**
**मिति** : २०८२/०९/२८ गते ।
**समय** : बिहान १० :०० बजे
**स्थान** : सिद्धार्थ इन्टरनेशनल होटल लि., भैरहवा

**छलफलका विषयहरु :**

**(१) सामान्य प्रस्ताव:**
(क) आ.व. २०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
(ख) आ.व. २०८१/८२ लेखापरिक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु सम्बन्धमा ।
(ग) कम्पनीको आ.व. २०८२/८३ को हिसाब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
**(२) विविध ।**

**कम्पनी सचिव**

### प्रमाणपत्र हराएको सूचना

मिति २०८२/०९/०७ गते बल्खुदेखि कलंकीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाणपत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Pooja Kumari Mandal
कलेज नाम : Sahid Smarak Janaswastha Sahakari Sanstha
ठेगाना : Kalopul-Siphal, Kathmandu, Nepal
रजिष्ट्रेशन नं. (CTEVT) HA-01267-018
सिम्बोल नं. 03101320
Year of Completion : 2023
फोन : 9700864769

### युएइमा रोजगार

कम्पनी : UNITED ENGINEERING CONSTRUCTION CO UNEC

पूर्व स्वीकृति मिति : २०८१/०९/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/११ LT. No. 315458 चलानी नं. ६०२२९७६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 59 | 0 | 950 | ३७,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २० गते (4th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**
श्रम ईजाजत नं. ३११/०५९/०६०
वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

### Barju Rural Municipality
### Office of Rural Municipal Executive
**Amahibelha, Sunsari**

## Invitation for Sealed Quotation

**Date of publication: 28th Dec. 2025**

1. The Barju Rural Municipality Invitation for Sealed Quotation for the procurement of Procurement of Interactive Board and Laptop for Shree Ne Ra Ma Vi School, Barju-5
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Barju Rural Municipality, Amahibelha, Sunsarior may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account along with payment of a non-refundable fee of Rs. 1000.00 till 11rd Jan. 2026 during office hours.

   Name of the Bank: NIC Asia Bank Limited. Barju Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 2432050027873004
   Rajaswa (revenue) Shirshak. : AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
4. Sealed bids must be submitted through PPMO website www.bopatra.gov.np/egpon or before 12:00 PM on 12th Jan. 2026. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 12th Jan. 2026 at the office of Barju Rural Municipality AmahibelhaSunsari .Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting in table below which shall be valid for 30 days beyond the validity period of the bid.

   Name Of the bank :NIC Asia Bank Limited.
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 243CA50017628005
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Name of Project | Contract Id. No. | Total Estimate Amount NRs Including Vat | BidSecurity Amount NRs. | Bid Document Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1. | Procurement of Interactive Board and Laptop for Shree Ne Ra Ma Vi School, Barju-5. | BRM/SUNSARI/SQ/GOODS/2/2082/83 | 10,00,000.00 | 25,000.00 | 1,000.00 |

**Chief Administrative Officer**



**सेर्गा नाच** | तमु हचुल छोँज धीं गुरुङ राष्ट्रिय परिषद् शुक्लागण्डकी नगर एकाइ समिति तनहुँले शनिबार दुलेगौंडामा तमु ल्होसारको अवसरमा सेर्गा नृत्य प्रस्तुत गर्दै । *तस्बिरः मिला दरै/रासस*

# तामाङ गुम्बाको साधारणसभा सम्पन्न

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** छ्योर्तेन टासी तामाङ गुम्बाको ११औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिबार बौद्ध नयाँबस्तीस्थित गुम्बाको सभाहलमा साधारणसभा सम्पन्न भएको हो ।

गोकर्णेश्वर नगरपालिकाका मेयर दिपककुमार रिसाल र गुम्बाका संरक्षक टुल्कु लोसाङनाम्गेल रिन्पोछेले दीप प्रज्ज्वलन गरी साधारणसभाको उद्घाटन गरेका थिए । उक्त साधारणसभामा गुम्बाका महासचिव हिराबहादुर लामाले प्रगति प्रतिवेदन, कोषाध्यक्ष सरस्वती लामाले आर्थिक प्रतिवेदन र अध्यक्ष हरिबहादुर बलले वार्षिक कार्ययोजना प्रस्तुत गरेका थिए । तीनवटै प्रतिवेदन सभाबाट पारित भएका छन् ।

साधारणसभामा गोकर्णेश्वर नगरपालिकाका मेयर रिसाल, उपमेयर सान्नानी लामा, गुम्बाका संरक्षक लोसाङनाम्गेल रिन्पोछे, बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष राजकुमार लामा, नमोबुद्ध नगरपालिका काभ्रेका मेयर कुन्साङ लामा, गुम्बाका प्रमुख सल्लाहकार मानबहादुर योञ्जनलगायतले शुभकामना मन्तव्य राराखेका थिए ।

# खोलियो २५ वर्षदेखि थुनिएको सुन्धाराको निकास



**काठमाडौं–** प्राचीनस्वरूपमा पुनःरुत्थान गर्ने योजनाअनुरूप काठमाडौं महानगरपालिकाले २५ वर्षदेखि थुनिएको सुन्धाराको निकास खोलेको छ । पाशुपत क्षेत्र जयवागीश्वरी मन्दिरसँगै रहेको सुन्धाराको बन्द पानीको निकास खोलिएको हो । यही पुस ६ गते र ९ गते रातभरको प्रयास गरेपछि १० गते बिहान पाइप राखेर निकास खोलिएको वडा नम्बर ८ का अध्यक्ष आशामान संगतले जानकारी दिए ।

उक्त यो ढुंगेधारा लिच्छवीकालीन हो । महानगरपालिकाको सम्पदा तथा पर्यटन समितिका संयोजकसमेत रहेका संगत भन्छन्, 'प्राचीन यो संरचनाबाट पानीको निकासका लागि बनाइएको ढलमा मानिस पसेर सफाइ गर्नसक्ने थियो । सहरीकरणसँगै खानेपानी वितरण लाइन जडान गर्दा मौलिक र परम्परागत बृहत् ढल संरचना नासेर पाइप राखेपछि करिब २५ वर्षअघि धाराबाट पानीको निकास बन्द भएको थियो ।'

निकास खोल्ने प्रयासका बारेमा कुरा गर्दै उनले भने, 'विगत १० वर्षअघि पनि प्रयास गरिएको थियो । तर, त्यसबेला सम्भव भएन । यसपटक करिब ६० मिटर लम्बाइ र नौदेखि १२ फिटसम्मको गहिराइ पहिल्याएर नियमित काम गरेपछि निकास खोल्न सकियो ।' पानीको निकास भएपछिको योजनाका विषयमा कुरा गर्दै संगत भन्छन्, 'यो केवल पानीको धारोमात्र होइन । नेवार सभ्यताको पहिचान पनि हो । जल व्यवस्थापन प्रणाली र मौलिक प्राचीन इञ्जिनियरिङको जीवन्त दशी हो । हामी यसलाई पुनःस्थापित गराउँछौं ।'

उनका अनुसार सुन्धारा वास्तुकलात्मक छ । ढुंगाहरूमा कलात्मक वुट्टा छन् । ठाउँठाउँमा देवी देवताका मूर्ति राखिएका छन् । जयबागेश्वरी मन्दिरका पुजारी रमेश कर्माचार्य भन्छन्, 'यस धारामा गणेश र भैरवलाई द्वारपाल राखेर जयवागीश्वरी माताले नुहाउने गरेको विश्वास गरिन्छ । अहिले माताको चरण पखाल्न तथा यस क्षेत्रमा हुने धार्मिक अनुष्ठानका लागि यही धाराको शुद्ध जल प्रयोग गर्ने चलन छ ।'

जयवागीश्वरी माताको मन्दिर र सुन्धाराको स्थापनाका विषयमा स्थानीय मुकुन्दराज वैद्य भन्छन्, 'लिच्छवीकालीन राजा नरेन्द्र देवले आफ्ना जनतामाथि कुनै समस्या नहोस् । सबै टाठाबाठा हुन् भनेर माताको आह्वान गर्नुभएको थियो । उहाँको आह्वानपछि शिवजीको आशीर्वाद प्राप्त गरेर मानसरोवरबाट जयवागीश्वरी आउनुभएको हो । शिला नदी तरेर आएपछि माताको इच्छाअनुसार उनले स्नान गर्ने पानी शिलानदीबाट ल्याइएको हो । माताको दर्शन गर्दा मुहारको होइन । पाउको दर्शन गर्ने चलन छ ।' *रासस*

# हनुमानढोका दरबार क्षेत्रको मौलिकता जोगाउन सरोकारवालाको जोड

**काठमाडौं (प्रस)–** हनुमानढोका दरबार संग्रहालयको मौलिकता संरक्षण गर्न सरोकारवालाहरूले जोड दिएका छन् । हनुमानढोका दरबार संग्रहालय विकास समितिको १६औं स्थापना दिवसको अवसरमा शनिबार आयोजित कार्यक्रममा हनुमानढोका दरबार संग्रहालय विकास समितिका कार्यकारी निर्देशक काजीमान प्याकुरेलले दरबारका भित्री चोक तथा संग्रहालयको ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वलाई राष्ट्रिय तथा अन्तर र्‍ाष्ट्रियस्तरमा उजागर गर्ने उद्देश्य समितिको रहेको बताए ।

समितिका अध्यक्ष तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले संग्रहालयका भवनहरूलाई मौलिक स्वरूपमै संरक्षण गर्दै २०७२ सालको भूकम्पपछि क्षति भएका संरचनाको पुनर्संरचना गरी सञ्चालन गर्नु आजको प्रमुख चुनौती रहेको बताए । इतिहासको संरक्षण गर्दै भावी पुस्तामा हस्तान्तरण गर्नु हामी सबैको साझा दायित्व भएको उनको भनाइ थियो ।

पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानांगले हनुमानढोका दरबार संग्रहालयलाई जीवन्त राख्न सरकार, विकास समिति र अन्य सरोकारवालाबीच सहकार्य अपरिहार्य रहेको धारणा व्यक्त गरे । काठमाडौं उपत्यका विश्व सम्पदा क्षेत्रको अभिन्न अंगका रूपमा रहेको हनुमानढोका दरबार सांस्कृतिक, धार्मिक, पुरातात्त्विक तथा ऐतिहासिक महत्त्वका कारण सन् १९७९ मा युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो । लिच्छिवीकालमा 'दक्षिणकोलीय ग्राम' का रूपमा परिचित यो स्थल मध्यकालको उत्तरार्द्धमा मल्ल राजाहरूको शासनकालमा महत्त्वपूर्ण केन्द्रका रूपमा विकसित भएको इतिहास छ ।

स्थापना दिवसका अवसरमा समितिले विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूलाई सम्मानसमेत गरेको थियो । सम्मानित हुनेमा तलेजु मन्दिरका मूल पुजारी उद्धव कर्माचार्य, खरिदार रामशरण भारती, कार्यालय सहयोगी लक्ष्मीकुमारी डंगोल र रमिला देउला रहेका छन् ।

# नेपाल जनप्रशासन संघमा आचार्य

काठमाडौं (प्रस)- नेपाल जनप्रशासन संघको अध्यक्षमा मधुरमणि आचार्य चयन भएका छन् । शनिबार सम्पन्न संघको २६औं साधारणसभाले आचार्यको नेतृत्वमा निर्विरोध नयाँ कार्यसमिति चयन गरेको हो ।

नवनिर्वाचित कार्यसमितिमा उपाध्यक्ष डा. मीनबहादुर पौडयाल क्षेत्री, महासचिवमा डा. दिलीपराज पौडेल, सचिवमा सुवाष शर्मा, कोषाध्यक्षमा रजनी रेग्मी रहेका छन् । त्यस्तै सदस्यहरूमा डा. सुस्मिता आचार्य, मञ्जुकुमारी जैशी, राजेन्द्र अधिकारी, चन्द्रिका पण्डित, गोकर्णमणि दुवाडी, त्रिभुवन श्रेष्ठ र हीरा श्रेष्ठ चयन भएका छन् ।

संघको संस्थागत सदस्यमा साल्ट ट्रेडिङ कर्पोरेसन र सेन्टर फर इनोभेटिभ गभर्नेन्स प्राक्टिसेस् रहेका छन् भने सल्लाहकारमा डा. दिनेशप्रसाद पन्त र मुकुन्दप्रसाद निरौलालाई राखिएको छ । सल्लाहकार आवश्यकतानुसार थप्न सकिने महासचिव पौडेलले जानकारी दिए ।

संघीय मामिला तथा सामान्यमन्त्री रामेश्वरप्रसाद खनालले उद्घाटन गरेको सभाको पहिलो सत्रमा 'युवा आकांक्षाअनुसारको सुशासन' विषयक २१औं राष्ट्रिय सम्मेलन आयोजना गरी विभिन्न सुझावसहितको अवधारणापत्र प्रस्तुत गरिएको थियो । साधारणसभाले सांगठनिक र आर्थिक प्रतिवेदन पारित गरेको थियो ।


**Tikapur Muncipality**
**Office of The Municipal Executive**
**Tikapur, Kailali**
**Sudurpaschim,Province,Nepal**

**Invitation for Bid**

**Date of Publication:- 2082/09/13 B.S. ( 28th ,December, 2025 A.D)**

Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S.N. | Contract Identification Number | Name of the Project and Location | Estimated Amount (Without VAT & PS) NRs. | Bid Security Amount NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|---|
| 1.0 | TMO/NCB/34/ WORKS/2082/083 | CONSTRUCTION OF COMPOUND WALL . (Karnali Model Secondary School), Tikapur Municipality Ward No.1,Tikapur,Kailali. | NRs.20,94,095.17 | NRs.69,000.00 | NRs.3000 |

1. Eligible Bidders may obtain further information at **Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur ,Kailali** Or **Telephone No. :- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp**
2. Interested bidders should submit only E-bid till **27th, Janaury,2026** before 12:00 hrs. through **PPMO e-GP System www.bolpatra.gov.np/egp . No any Hard copy will be entertained.**
3. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification NumberClearly) :-

   **Name of Bank :- Nepal Bank Ltd., Tikapur Branch,Tikapur,Kailali.**

   **Name of Office *:* - Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali**

   **Office Account No.:- 10703000001001000001**

   **Revenue Heading No:- 14229**
4. Information to deposit the **Bid Security Amount** in Bank :-

   **Name of Bank :- Nepal Bank Ltd., Tikapur Branch,Branch.**

   **Name of Office *:* - Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali..**

   **Office Account No.:- 10703000003000000001**

   Or Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Muncipality, Office of TheMunicipal Executive, Tikapur , Kailali ( Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).
5. Bid Validity Period shall be 90 days from the date of Bid Opening and Bid Security Validity Period shall be 120 days fromthe date of Bid Opening.
6. Pre-bid meeting shall be held at Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali at 13: 00hrs. on **16th , Janaury, 2026.**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission.
8. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at 14:00 hrs. on **27th, Janaury,2026** at Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur ,Kailali .
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason,whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public ProcurementRegulation, 2064 and other prevailing laws of Nepal.
11. Any amendments on this notice shall be posted on office information board and on office website:www.tikapurmun.gov.np

**Chief Administrative Officer**



**कुवेतमा रोजगार**

कम्पनी : SOLAI SPA INSTITUTE AND HEALTH SALON FOR LADIES' BEAUTY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०९/११ — चलानी नं.: ६०२४९६६६ — LT.No.: 336035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 11 | सम्बन्धित काममा दक्ष | 150 | ७०,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner Indoor | 0 | 3 | | 100 | ४६,६७० | | | | | | | |

कम्पनी : DEEP WASH CAR WASH & POLISH COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०९/११ — चलानी नं.: ६०२४९६६५ — LT.No.: 336036

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 4 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५६,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | LIGHT DRIVER/DRIVER | 4 | 0 | | 135 | ६०,६७१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २० गते (4 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# दुर्गमका जनतालाई राहत पुग्ने निर्णय

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारको पछिल्लो एक निर्णय दुर्गमका जनतालाई राहत दिनेगरी आएको छ । सरकारले विभिन्न जिल्लाका नौ स्थानमा इलाका प्रशासन कार्यालय स्थापना गर्ने निर्णय गरेको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले डोटीको विपीनगर, ताप्लेजुङको श्रीचंघा, डोल्पाको धो, मुगुको खत्याग, कालिकोटको रास्कोट, बाजुराको कोल्टी, दार्चुलाको गोकुलेश्वर, बैतडीको मेघौली र संखुवासभाको हिदाङगढीमा इलाका प्रशासन कार्यालय स्थापना गर्ने निर्णय गरेको हो। यो निर्णयसँगै विकट एवं अति दुर्गम क्षेत्रमा बसोबास गरिरहेका जनताले राहत पाउने भएका छन्।

मुलुकको केन्द्रिकृत शासनलाई विकेन्द्रित गर्ने उद्देश्यका साथ संघीयता स्थापना गरिएको हो । मुलुकमा सातवटा प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुको लक्ष्य नै सबै ठाउँमा समान सेवा सुविधा विस्तार गर्नु थियो । तर संघीयतापछि पनि दुर्गमका जनताले नागरिकता बनाउनलगायत महत्त्वपूर्ण कामका लागि सदरमुकाम धाउनुपर्ने बाध्यता कायम छ । सदरमुकाम पुग्नै कष्टकर यात्रा गर्नुपर्ने बाध्यतामा रहेका जनतालाई आफ्नै क्षेत्रबाट सेवा दिने उद्देश्यले इलाका प्रशासन कार्यालय स्थापना गर्ने सरकारको निर्णय स्वागतयोग्य रहेको छ ।

सरकारको यो निर्णयपछि सुदूरपश्चिमबासीमा देखिएको खुसीले पनि यसको आवश्यकता पुष्टि गर्छ। सुदूरपश्चिमका चार स्थानमा इलाका प्रशासन कार्यालय स्थापना गरिने भएपछि त्यहाँका जनता उत्साहित भएका हुन्। बैतडीको पञ्चेश्वर गाउँपालिकाका अध्यक्ष गोरखबहादुर चन्दका अनुसार जिल्लाको तल्लोस्वराड क्षेत्रका बासिन्दाको माग र लामो प्रयासपछि मेलौलीमा इलाका प्रशासन कार्यालय स्थापना हुने भएको छ । मेलौलीमा इलाका प्रशासन स्थापना गर्ने सरकारको निर्णयले स्थानीय खुसी भएका छन् । इलाका प्रशासन कार्यालय स्थापना भएपछि तल्लोस्वराड क्षेत्रका बासिन्दालाई नागरिकतासहित अत्यावश्यक कामका लागि दिनभर यात्रा गरेर सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य हुने भएको छ। तल्लोस्वराड क्षेत्रका साथै मेलौली नगरपालिका, शिवनाथ र पञ्चेश्वर गाउँपालिकाका नागरिकलाई प्रशासनिक कामका लागि सहज हुने उनी बताउँछन्। अध्यक्ष चन्दले सरकारले गरेको यो निर्णय उत्कृष्ट रहेको धारणा राखे । अब नागरिकता बनाउनका लागि हजारौं रकम खर्च गरेर सदरमुकाम जानुपर्ने बाध्यता हट्ने भन्दै उनले खुसी व्यक्त गरे।

तल्लोस्वराडबासी जस्तै अन्य क्षेत्र, जहाँ इलाका प्रशासन कार्यालय स्थापना गरिने भएको छ, त्यहाँका जनता पनि पक्कै उत्साहित भएको हुनुपर्छ। जनतालाई घरदैलोमै सेवा दिने भने पनि अहिलेसम्म त्यस्तो सेवा सरकारले पुऱ्याउन सकेको छैन। यस्तो अवस्थामा सरकारबाट भएको यो निर्णयलाई अब कार्यान्वयनमा लैजान ढिलाइ गर्नु हुन्न। इलाका प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा चुस्त र सेवाग्राहीमैत्री बनाइनुपर्छ। साथै, यस्तै आवश्यकताको पहिचान गरी अन्य दुर्गम क्षेत्रमा पनि सेवा विस्तार गर्न सरकारले ध्यान दिनुपर्छ।

# प्रदेश सरकारलाई बलियो बनाउने आधार



❑ गम्भीरबहादुर हाडा

"प्रदेश सरकारको स्वरूप, राजस्व संरचना, कर कानुन, जनशक्ति र करदाता सबै नयाँ भएकोले यी सबैबीच समन्वय र सहयोग जुटाउन दीर्घकालीन नीति तथा गतिशील र दूरदर्शी नेतृत्व चुन्न आवश्यक छ । प्रदेशको विद्यमान अवस्था र आवश्यकताअनुरूप राजस्व नीति तथा कानुन निर्माण, संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यमूलक संगठन निर्माण, दरबन्दी सिर्जना र जनशक्ति व्यवस्थापन गरिनु जरूरी छ । संघीय आवधिक योजना र राजस्व नीतिसँग प्रदेश आवधिक योजना र राजस्व नीतिबीच तालमेल, कर कानुन, निर्देशिका, कार्यविधि निर्माण, करदाता सर्वेक्षण, करदाता शिक्षा र गुनासो व्यवस्थापन तथा करदाताको विश्वास आर्जन गर्नुपर्दछ ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघीय संरचनाअनुरूप सातवटा प्रदेश बनाइएका छन् र ती प्रदेशमा अहिले प्रदेश सरकार क्रियाशील छन् । संविधानले यी प्रदेशहरूलाई विकासको सवालमा महत्त्वपूर्ण जिम्मेवारी सुम्पिएको छ। आर्थिक विकासको गति बढ्ने अपेक्षा र आशामा नै नेपाललाई संघीय संरचनामा लगिएको हो । केन्द्रीकृत ढंगले विकास गर्दा स्थानीय आवश्यकता र चाहनाहरू थाहा नहुने र केही सीमित व्यक्तिहरूले फाइदा लिने हुँदा प्रदेश र स्थानीय तहसम्म अधिकार र स्रोत विनियोजन गर्दा देशको सन्तुलित विकास हुने अपेक्षा गरिएको छ । संघीयताको मूल विशेषता र आधारको रूपमा प्रदेश सरकार रहेको हुन्छ। तर हामीकहाँ सहकारितामा आधारित संघीयता बनाइएको हुँदा स्थानीय तहहरू सिधै प्रदेश सरकार मातहत रहेका छैनन् । यसले गर्दा तीन तहको सरकारको संरचनाबीच अन्तरसम्बन्ध अलि जटिल खालको रहेको छ र समानान्तर ढंगले सञ्चालनमा रहने स्थिति छ।

विकासका लागि प्रदेश सरकारले केही गहकिलो भूमिका खेल्न सक्छ। नेपालको बजार प्रणाली अझै पनि विकसित छैन । आधारभूत भौतिक पूर्वाधार बजार अर्थतन्त्रमा निजी क्षेत्रले बनाउँदैन । पर्याप्त भौतिक पूर्वाधार भयो भनेमात्र निजी क्षेत्रले आफ्ना आर्थिक गतिविधिहरू बढाउन सक्छ । भौतिक पूर्वाधारबाहेक शान्ति सुरक्षा, शिक्षा स्वास्थ्यको विकास र विस्तार, समाज कल्याणका काम, वातावरण संरक्षण पनि सरकारले गर्नुपर्ने हुन्छ । यी कामहरू प्रदेश सरकारले प्रभावकारिताका साथ गर्न सक्ने अपेक्षा गरिएको छ । अहिलेको प्रदेश संरचना तात्कालीन सोभियत संघमा जस्तो प्रदेशको अर्थतन्त्रलाई पूर्णनियन्त्रण गर्न सक्ने अवस्थामा छैन । प्रदेशभित्र प्रदेश सरकारका अतिरिक्त अधिकार सम्पन्न स्थानीय सरकारहरू पनि प्रदेशको विकासका लागि महत्त्वपूर्ण एजेन्सीको रूपमा रहेका छन् । ती स्थानीय तहहरूले संघीय सरकारबाट सिधै बजेट प्राप्त गर्ने व्यवस्था रहेको छ। संघीय सरकारले ती तहहरूबाट ससर्त अनुदानमार्फत आफ्ना कार्यहरू गराउन सक्ने व्यवस्था रहेको छ। संघीय सरकारलेझैं प्रदेश सरकारले पनि स्थानीय तहहरूलाई अनुदान दिनुपर्ने प्रावधान रहेको छ।

चालु आर्थिक वर्ष २०८२/८३ मा लागि कोशी प्रदेश सरकारले ३५ अर्ब ८७ करोड १९ लाख रूपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ। यो बजेट गत आर्थिक वर्ष २०८१/८२ को तुलनामा करिब ६० करोड रूपैयाँले बढी हो। चालु आर्थिक वर्षको कूल विनियोजनमध्ये चालु खर्चतर्फ १८ अर्ब ६७ करोड ३३ लाख (५२ प्रतिशत), पुँजीगत खर्चतर्फ १७ अर्ब १० करोड ६५ लाख (४७.७ प्रतिशत) र वित्तीय व्यवस्थापनतर्फ १० करोड (०.३ प्रतिशत) छ । आन्तरिक राजस्वबाट पाँच अर्ब ५० करोड, संघीय सरकारबाट राजस्व बाँडफाँटमार्फत १२ अर्ब ३९ करोड ६० लाख, समानीकरण अनुदानबाट आठ अर्ब ९८ करोड ३४ लाख, ससर्त अनुदानबाट चार अर्ब ५७ करोड १० लाख, समपूरक अनुदानबाट ३९ करोड १७ लाख र विशेष अनुदानबाट ५५ करोड ७२ लाख र रोयल्टीबाट ३५ करोड छ लाख रूपैयाँ आम्दानी हुने प्रदेश सरकारले अनुमान गरेको छ । बाँकी तीन अर्ब १३ करोड रूपैयाँ चालु वर्षको नगद मौज्दातबाट व्यहोरिने उल्लेख छ ।

मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजार रूपैयाँको बजेट ल्याएको छ। यो गत आवको तुलनामा ६.१३ प्रतिशतले बढी हो । गत आर्थिक वर्षमा मधेस सरकारले ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रूपैयाँको बजेट ल्याएको थियो । चालु आवको बजेटमा चालुतर्फ १६ अर्ब ७२ करोड पाँच लाख १७ हजार (३५.८९ प्रतिशत) र पुँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख ३४ हजार (६४.११ प्रतिशत) विनियोजन गरिएको छ।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार रूपैयाँको बजेट ल्याएको छ। यो गत आर्थिक वर्षको भन्दा ९९ करोड ८५ लाख ७६ हजार रूपैयाँ कम हो । गत आर्थिक वर्षमा सरकारले ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजारको बजेट ल्याएको थियो। प्रदेशको आन्तरिक राजस्व अपेक्षित रूपमा विस्तार हुन नसक्दा र संघबाट प्राप्त हुने अनुदान घटेकाले बजेटको आकार घटाउनु परेको छ।

यसैगरी चालु आव २०८२/८३ मा लुम्बिनी प्रदेश सरकारले ३८ अर्ब ९१ करोड, कर्णाली प्रदेश सरकारले ३२ अर्ब ९९ करोड ६६ लाख र सुदूरपश्चिम प्रदेश सरकारले ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजार रूपैयाँ बराबरको बजेट कार्यान्वयन गरिरहेका छन्।

वर्तमान १५औं पञ्चवर्षीय योजना (२०८१/८२-०८५/८६) मा प्रदेश सरकारको सुशासन तथा न्याय प्रणालीको विकाससम्बन्धी कार्यक्रम तथा नीतिअन्तर्गत नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र भू-राजनीतिक चुनौतीहरूको व्यवस्थापन गर्ने शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्दै जनतामा सुरक्षाको अनुभूति दिलाउने; नवीन सुरक्षा चुनौतीहरूको व्यवस्थापन गरी सर्वांगीण मानवीय सुरक्षाको प्रत्याभूति गराउन नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने व्यवस्था छ। यसैगरी सबै प्रकारका संगठित अपराध नियन्त्रण गर्ने संघ, प्रदेश तथा स्थानीय तहले प्राथमिकताका साथ सामाजिक सद्भाव र सामाजिक सौहार्द्रता अभिवृद्धिसम्बन्धी नीति, कार्यक्रम तर्जुमा गरी बजेट व्यवस्था गर्ने राष्ट्रिय सरोकारका विषयलाई उच्च प्राथमिकता दिँदै विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव र सहिष्णुतामार्फत ऐक्यबद्धता कायम गर्ने नीति राखिएको छ।

एकताको आधार विविधताको अवधारणालाई आत्मसात् गर्दै सबैको संस्कृतिलाई सबैले मान्यता दिने वातावरण निर्माण गर्ने राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा प्रतिकूल प्रभाव पार्ने क्रियाकलापलाई नियन्त्रण गर्ने द्वन्द्वका विविध पक्षको विश्लेषण गरी निराकरणका उपायहरू अवलम्बन गर्ने उल्लेख गरिएको छ।

विद्युतीय माध्यम एवं नवीन प्रविधिहरूको उच्चतम् उपयोग गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने सबै संस्थाहरूमा विद्युतीय प्रतिवेदन गर्ने प्रणाली विस्तार गरी जनस्तरमा सूचनाको नियमित र सहज पहुँचको प्रबन्ध गर्ने, सबै प्रकारको सेवाका लागि सरकारी सूचना प्रणालीको एकीकृत उपयोग गर्ने रणनीति राखिएको छ। सबै किसिमका सार्वजनिक र निजी स्वास्थ्य संस्थाहरूमा विद्युतीय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणालीको विस्तार गरी ती संस्थाहरूको नियमन र गुणस्तर प्रत्याभूत गर्ने; पञ्जीकरण प्रणालीमा सुधार गर्ने कार्यक्रम राखिएको छ।

प्रदेश सरकारले सामना गरेका समस्या तथा चुनौतीहरूलाई सामना गर्न निम्न सुझावहरू पेस गर्न सकिन्छ: प्रदेश सरकारको स्वरूप, राजस्व संरचना, कर कानुन, जनशक्ति र करदाता सबै नयाँ भएकोले यी सबैबीच समन्वय र सहयोग जुटाउन दीर्घकालीन नीति तथा गतिशील र दूरदर्शी नेतृत्व चुन्न आवश्यक छ । प्रदेशको विद्यमान अवस्था र आवश्यकताअनुरूप राजस्व नीति तथा कानुन निर्माण, संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यमूलक संगठन निर्माण, दरबन्दी सिर्जना र जनशक्ति व्यवस्थापन गरिनु जरुरी छ । संघीय आवधिक योजना र राजस्व नीतिसँग प्रदेश आवधिक योजना र राजस्व नीतिबीच तालमेल, कर कानुन, निर्देशिका, कार्यविधि निर्माण, करदाता सर्वेक्षण, करदाता शिक्षा र गुनासो व्यवस्थापन तथा करदाताको विश्वास आर्जन गर्नुपर्दछ।

अनलाइन माध्यमबाट अभिलेख व्यवस्थापन करदाता सेवाको कार्यान्वयन तथा विस्तार गर्नु आवश्यक छ । प्रदेशको एकल अधिकारभित्र पर्ने सेवा शुल्क, दण्ड जरिवाना आदिको दायरा विस्तार गर्नुपर्छ । संघ र स्थानीय सरकारसँगको नीतिगत सामञ्जस्यता तथा कार्यगत समन्वय, सेवा लागतमा आधारित गैरकर तथा सेवा शुल्कको दर निर्धारण, विभिन्न प्रदेश सरकारबीच पारस्परिक सहकार्य र समन्वय, यसको साथसाथै कृषि आयमा करारोपण तथा समग्र राजस्वको चुहावट नियन्त्रण गर्न आवश्यक छ।

सबै किसिमका आर्थिक तथा वित्तीय क्रियाकलापहरूमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने, सम्पादित कार्यहरूको बारेमा नियमित रूपमा सार्वजनिकीकरण तथा जानकारी गराउने आफ्नो वेबसाइट नियमितरूपमा अद्यावधिक गर्ने, सरोकारवाला निकाय वा व्यक्तिहरूसँग छलफल, संवाद, अनुभव आदानप्रदान र साझा ग्रहण गर्दै कार्य सम्पादनमा पारदर्शिता कायम गर्ने जिम्मेवारी लिने र जवाफदेही हुने परिपाटी बसाल्नु जरुरी छ । कार्यसम्पादनमा स्थापित प्रणाली, विधि तथा मापदण्ड अवलम्बन गर्ने, अनावश्यक र फजुल खर्च घटाउने, प्राथमिकता निर्धारण गरी कार्यसम्पादन गर्ने, संघले प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी राजस्व संकलनको क्षमता, खर्चको आवश्यकता र जनताप्रतिको उत्तरदायित्वसमेतलाई ध्यानमा राखी ससर्त अनुदान क्रमशः कम गर्दै जाने र समानीकरण अनुदान बढाउँदै लैजानुपर्छ। नीति तथा कार्यक्रम तर्जुमा गर्दा विश्वसनीय र भरपर्दो तथ्यांक प्रयोग गर्ने, कुनै पनि नीति तथा कार्यक्रमको सकारात्मक तथा नकारात्मक पक्षहरूको विश्लेषण र प्रभाव मूल्यांकन गर्ने परिपाटी बसाल्नु आवश्यक छ।

सार्वजनिक उत्तरदायित्व कानुन र परियोजना व्यवस्थापन तथा कार्यान्वयन कानुन तर्जुमा गर्दा कार्यान्वयनमा ल्याउने र बजेट तर्जुमा गर्दा जनसहभागिता बढाउन खुला बजेट प्रणाली अवलम्बन गर्ने व्यवस्था गर्नुपर्छ। बजेटको प्राथमिकता निर्धारण, स्रोतको उपलब्धता र सीमा, घाटा बजेट पूर्तिको स्रोतजस्ता महत्त्ववपूर्ण विषयहरूमा बजेट तर्जुमा गर्दा ध्यान पुऱ्याउन सकेमा बजेट वास्तविकतामा आधारित कार्यान्वयन गर्न सहज र नतिजामूलक हुन्छ । बजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने अर्को महत्त्वपूर्ण पक्ष उपयुक्त खर्च योजना हो । यसमा स्पष्टरूपमा आगामी वर्षको स्रोत परिचालन र खर्च व्यवस्थापनको खाका तयार गर्नुपर्दछ । कार्यसम्पादन योजना बनाई त्यसैअनुरूप कार्यान्वयन र मूल्यांकन गर्ने परिपाटी बसाल्ने गर्नुपर्छ। कार्यसम्पादन योजनाका सूचकहरू मापनयोग्य र नतिजामुखी हुनु अपरिहार्य छ।

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ। फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न। स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ। काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ। याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतया: कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ। स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ। यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ।

## पाठक मञ्च

# सार्वजनिक सम्पदा: कतै व्यक्तिका नाममा, कतै जीर्ण अवस्थामा !

मुलुकमा तीन तहको सरकार छ- संघ, प्रदेश र स्थानीय तह । २०७२ असोज ३ गतेको संविधानले सबैभन्दा बढी अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। हाल देशभर ७५३ वटा स्थानीय तह छन् । स्थानीय तहलाई आफ्नो क्षेत्रभित्र कानुनबमोजिम कुनै पनि कार्य गर्न अधिकार छ।

आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय सञ्चालनका निम्ति अनुमति दिने कि नदिने, घरभाडा कति निर्धारण गर्ने, बजार अनुगमन तथा कालोबजारी गर्ने व्यपारीलाई कारबाही, मनोरञ्जन कर, घरबहाल कर, व्यवसाय करलगायत असुली तथा नियमनको जिम्मा स्थानीय तहलाई छ। स्थानीय सरकारले चाहेमा जे पनि गर्नसक्छ।

आफ्नो क्षेत्रलाई व्यवस्थित, सफा, स्वच्छ बनाउन, जथाभावी भाडा असुली रोक्न स्थानीय सरकारले आफ्नो घरअगाडिको बाटो वा सडक आफैं सफा गर्नुपर्ने, घरभाडा तोक्नेजस्ता काम नीतिनियम बनाएरै गर्नसक्छ । आफ्नो क्षेत्रमा जनताको मागबमोजिम ट्याक्सी, फो स्टक ट्याम्पो, ढुवानी गाडी, एम्बुलेन्सलगायतको दर्ता खोल्न प्रदेश र संघीय सरकारसँग स्थानीय सरकारले माग गर्न पाउँछ।

आफ्नो क्षेत्रभित्र भएका पाटीपौवा, ढुंगेधारा, इनार, कुवा, तालतलैया, आल, राजकुलो, खोला नदी, वनजंगल, सार्वजनिक, गुठी, ऐलानी, हदबन्दी बढी, मठमन्दिर, राजपरिवारलगायतको जग्गा खोजतलास एवं संरक्षण गर्ने अधिकार पनि स्थानीय सरकारलाई नै छ। तर, स्थानीय सरकारहरूले आफ्नो काम, कर्तव्य र दायित्व पूरा नगरेको अवस्था छ।

न सार्वजनिक जग्गा र सम्पदाको खोजतलास, संरक्षणमा स्थानीय तहको चासो देखिन्छ न त घरभाडा निर्धारण वा बजार अनुगमनतिर नै। जसका निम्ति केही उदाहरण नै काफी छन्। काठमाडौं महानगरपालिका वडा नम्बर १, नक्सालमा भगवती मन्दिर छ। त्यहीँ छेउमा एउटा ढुंगेधारा छ । त्यो ढुंगेधाराबाट थोपा-थोपा पानी चुहिन्छ।

त्यो पानी त्यहाँ जम्मा हुँदा ढुंगेधारा नै दुर्गन्धित र फोहोर भएको छ । अर्कोतर्फ, मन्दिर नजिकै सार्वजनिक शौचालय पनि छ । एकातिर ढुंगेधारामा जम्मा भएको फोहोर पानी, अर्कोतिर शौचालयका कारण त्यो मन्दिर नै जान सकिँदैन । कमलपोखरीबाट कुमारीहल-धोबीधारा हुँदै पुतलीसडक निस्किन्छ। धोबीधारा वडा नम्बर ३० र वडा नम्बर १ को सिमानामा पर्दछ । त्यहाँ चार वटा ढुंगेधारा छन् । वडा नम्बर ३० मा एउटा ढुंगेधारा छ भने वडा नम्बर १ मा तीन वटा ढुंगेधारा छन्।

चारवटै ढुंगेधारा प्रयोगविहीन छन्। ढुंगेधारालाई फोहोरको थलो बनाइएको छ । महानगरले सडकमात्र सफा गर्छ। ढुंगेधारा सफा गरेको वा संरक्षणमा महानगरको चासो नै देखिँदैन । यो त काठमाडौं महानगरको मात्र उदाहरण हो। विगतमा काठमाडौं उपत्यकामा मात्रै ६३४ वटा ढुंगेधारा थिए। देशभर हजारौंको संख्यामा ढुंगेधारा थिए।

इनार, कुलो, कुवा, राजपोखरी, तालतलैयाहरू पनि उत्तिकै थिए। तर, अहिले यी ढुंगेधारा, इनार, कुलो, कुवा, तालतलैया कहाँ गए ? कसैलाई थाहा छैन। किनकि, धेरैजसोमा त कब्जा गरेर घर, भवन ठड्याइसकिएको छ। यस्ता सम्पदाको संरक्षणमा स्थानीय तह र नियामक निकाय पुरातत्त्व विभागले बेवास्ता गरेको देखिन्छ । यतिसम्म कि मान्छे मरेपछि जलाउने आर्यघाटको जग्गासमेत कब्जा भइसकेको छ।

मैतीदेवी मन्दिरपछाडि, चाबहिल गणेशस्थानमुनि तथा ओम अस्पतालपछाडि पहिले आर्यघाट थियो। तर, अहिले त्यहाँ ठूल्ठुला घर बनिसकेका छन् । त्यो घर र जग्गा नै व्यक्तिका नाममा छ, कसरी ? सरकारी कर्मचारी, स्थानीय जनप्रतिनिधि, कानुन व्यवसायी, राजनीतिक दलका नेताहरूकै मिलेमतोमा यस्ता सम्पदा र जग्गा व्यक्तिका नाममा लगियो।

घट्टेकुलो भनिने ठाउँमा पहिले पानीघट्ट थियो भन्नेहरू अझै भेटिन्छन् । सुन्धारामा त सुनकै धारा थियो । तर, अहिले न घट्टेकुलोमा पानीघट्ट छ न सुन्धारामा सुनको धारा। कालिकास्थानमुनि बाँसघारी, पुतलीसडक, कालिकास्थान, घट्टेकुलो, अनामनगर, हनुमानथान, बिजुलीबजार, धोबीखोला, काठमाडौं सिडिओ कार्यालय दायाँबायाँ, माइतीघर सडक छेउछाउ घर तथा भवन बनेका, रामशाहपथस्थित अन्नपूर्ण अस्पताल, मैत्रीदेवी पेट्रोल पम्प सञ्चालित र आसपास घर बनेका घर सरकारी, गुठी र ऐलानी भएको बताइन्छ।

देशभरका सरकारी, सार्वजनिक, गुठी, ऐलानी, मठमन्दिर, हदबन्दी बढीका जग्गा यसरी नै कब्जा गरिएको छ । जसको मूल्य आनाकै लाखदेखि करोडौं छ । जनताबाट चुनिएर आएका जनप्रतिनिधिहरूले पनि सार्वजनिक सम्पदा र जग्गा संरक्षणमा चासो दिएका छैनन् । त्यसैले, अब जनता यस्ता जनप्रतिनिधिको विरोधमा लागौं। जनप्रतिनिधिले सार्वजनिक जग्गा र सम्पदाको संरक्षणमा चासो नदेखाए पनि नागरिकस्तरबाटै जुटौं । कसैले सार्वजनिक जग्गा कब्जा गरेमा विरोध गरौं । आफ्नो क्षेत्रभित्रका भएका सम्पदाको संरक्षण र सरसफाइ पनि आफैं गरौं।

– **रुषा थापा**, भक्तपुर



**आमाको माया** | जंगलबाट दाउराको भारी लिएर घर फर्किंदै गरेका धादिङको रुवीभ्यालीका महिला । उनीहरूले बालबच्चा, घरधन्दा, पशुपालन, बारी खन्ने सबै जिम्मेवारी निभाउनुपर्छ । *तस्बिरः रासस*

# माथिल्लो मुस्ताङमा जाडो थेग्न गुइँठाको भर



**मुस्ताङ–** माथिल्लो मुस्ताङको तापक्रम माइनस २० डिग्रीसम्म पुग्छ । हिउँदयामको समय माथिल्लो मुस्ताङको जनजीवन चिसोका कारण प्रभावित बनेको छ । माथिल्लो मुस्ताङमा हिउँदयामको जाडो छल्न अधिकांश नागरिक बेँसी झरिसकेका छन् । केही व्यक्ति घरकुरुवा र पशुचौपायाको रेखदेखमा बसेका छन् ।

हिउँदयाममा माथिल्लो मुस्ताङका अधिकांश नागरिक जाडो छल्न बेँसी झरिसकेपछि यतिबेला लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका ग्रामीण बस्ती सुनसान बनेका छन् । हिउँदयामको मौसममा बेँसी नझरी गाउँमै बसेका स्थानीय नागरिकलाई चिसो थेग्न मुस्किल परेको छ । विद्युत् र सञ्चार सेवा अनियमित हुनु, चिसोका कारण घरका धारा, सेफ्टी ट्यांकी चिसो भइ बरफ बनेर जम्न थालेपछि स्थानीयको दैनिकीमा प्रतिकूल असर पुर्‍याएको छ । चिसोका कारण गाउँमा बसेका स्थानीयको स्वास्थ्यमा असर पुर्‍याउनसक्ने जोखिम छ ।

माथिल्लो मुस्ताङका नागरिकले हिउँदयामको जाडो थेग्न गुइँठाको साहारा लिन थालेका छन् । सुक्खा पठार माथिल्लो मुस्ताङमा वनजंगल नहुँदा दाउराको समस्या छ । बर्खायाममा विद्युत् र ग्यासको प्रयोग हुने भए पनि त्यहाँका नागरिकले पशुचौपायाको गोबरलाई गुइँठा बनाएर ऊर्जाका रूपमा प्रयोग गर्दै जाडो कटाउने गर्छन् ।

लोमान्थाङ-३ ठिंगरका पासाङ गुरुङले माथिल्लो मुस्ताङमा बर्सेनि एक बालीमात्रै खेतीपाती हुने भएको पशुचौपायाको गोबरलाई गुइँठा बनाएर ऊर्जाका रूपमा प्रयोग गर्ने प्रचलन रहेको जानकारी दिए । यहाँका खेतबारीमा चाहिने पशुचौपायाको गोबर मल बढी हुने भएकाले घाममा सुकाएर गुइँठा बनाएर आगो ताप्ने, पानी तताउने र खानेकुरा पकाएर खान प्रयोग गर्ने गरिएको जानकारी दिए ।

माथिल्लो मुस्ताङमा ठूलो संख्यामा स्थानीय नागरिकले याकचौंरी र भेडाच्यांग्रा पालन व्यवसाय गर्ने गरेका छन् । यिनै याकचौंरी र भेडाच्यांग्राको गोबरलाई स्थानीयले लगातार घाममा सुकाएर गुइँठा तयार गर्ने गर्छन् । यद्यपि, यो प्रचलन माथिल्लो मुस्ताङमा सदियौंदेखि निरन्तर चल्दै आइरहेको छ ।

माथिल्लो मुस्ताङमा याकचौंरीको गोबर र भेडाच्यांग्राको जुतोलाई लगातार घाममा सुकाएर गुइँठा तयार गरेपछि बोराभित्र भण्डारण गरी राखिन्छ । यसरी राखिएको गुइँठालाई आवश्यकताअनुसार ऊर्जाका रूपमा प्रयोग गर्ने गरिएको लोमान्थाङ-२ किम्लिङका ढिण्डुक गुरुङले उल्लेख गरे । यहाँका पशुचौपायाको गोबरबाट तयार गरिएको गुइँठा दाउराभन्दा राम्रो खपत हुने भएकाले जाडो महिनामा आगो ताप्न र खानेकुरा पकाएर खान इन्धनका रूपमा प्रयोग गर्न सहज भएको गुरुङको भनाइ छ ।

खेतबारी र चरन क्षेत्रमा खेर गइरहेका पशुचौपायाको आलो गोबर संकलन गरी स्थानीयले गुइँठा बनाउँछन् । यसरी यहाँ गुइँठालाई ऊर्जाका रूपमा प्रयोग गर्न थालिएपछि दाउराको विकल्पमा गुइँठा भरपर्दो माध्यम बनेको हो । माथिल्लो मुस्ताङमा गुइँठाको प्रयोगले विद्युत् र ग्यासको खपत कम गरी आर्थिक बचतमा योगदान पुर्‍याएको छ । *रासस*

# पखेर–बरङ्जा सडक योजना अन्तिम चरणमा

**म्याग्दी–** मंगला गाउँपालिका ३ र ४ नं वडालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने पखेर-बरङ्जा सडक स्तरोन्नतिका लागि सञ्चालन भएको योजना निर्माणको अन्तिम चरणमा पुगेको छ ।

गण्डकी प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत मंगला गाउँपालिका-३ पखेरदेखि तीन किलोमिटर ५०० मिटर दूरीमा सडक ग्राभेल र ढलान गर्न आर्थिक वर्ष २०८०/८१ देखि पखेर-बरङ्जा ३ र ४ हुँदै महेश-धापुङ-ताराखोला सडक योजना निर्माण सुरु गरेको थियो ।

एनके-युनाइटेड जेभीले २०८१ असारमा पाँच करोड ८६ लाख तीन हजार रूपैयाँमा ठेक्का सम्झौता गरेको योजनाको ९२ प्रतिशत भौतिक र ८५ प्रतिशत वित्तीय प्रगति भएको पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर डा. महेन्द्र बानियाले जानकारी दिए ।

'अठार महिनाको ठेक्का आवधि भएको यो योजनालाई निर्धारित समयभित्र नै सम्पन्न गर्ने लक्ष्यसहित ठेकेदारले उपकरण, मजदुर परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेको छ,' उनले भने, 'आर्थिक वर्ष २०८०/८१ देखि म्याग्दीमा सुरु भएका सातवटा सडक र दुईवटा मोटरेबल पुलमध्य पखेर-बरङ्जा सडकको प्रगति अन्य योजनाको तुलनामा अगाडि छ ।'

वि.सं. २०६६ मा मार्ग खुलेको यो सडकलाई सात मिटरका दरले फराकिलो बनाएर नाली र टेवा पर्खाल निर्माण भएको छ । घुम्ती र उकालोमा ५५० मिटर सडक ढलान भएको छ । ग्राभेल भएको सडकको बर्खामा भत्किएको पर्खाल पुनर्निर्माण र बाँकी संरचना निर्माणलाई पूर्णता दिन लागिएको छ । ग्रेड र घुम्ती सुधार भएको छ ।

खर्कटोलका बासिन्दा मिलन रोकाका अनुसार यसअघि तीनदेखि ३.५ मिटर फराकिलो कच्ची सडकको घुम्ती, ग्रेड नमिलेको, साँघुरो सडक जोखिमयुक्त थियो । 'यसअघि जिप, ट्याक्सी र ट्याक्टर मुस्किलले चल्ने यो सडकमा अहिले १० चक्के ट्रक गाउँमै आउन थालेका छन्,' उनले भने, 'बरङ्जादेखि बेनी पुग्न एक घण्टा लाग्ने गरेकोमा सडक स्तरोन्नति भएपछि यात्रा अवधि ३० मिनेटमा छोटिएको छ ।'

भिरालो पाखाको घुम्तीमा गाडी पार गराउन पछाडि लैजानुपर्ने समस्या हटेको छ । बरङ्जामा उत्पादन भएको दूध, सुन्तला, तरकारीलगायत कृषि उपज बजारमा बिक्रीका लागि लैजान सहज भएको छ । बरङ्जादेखि थामडाडा-सुर्केमेला हुँदै बेनी जोड्ने घुमाउरो कच्चि सडकमा यात्रा गर्नुपर्ने अवस्था हटेको रोकाले बताए ।

मार्ग खुलेको १७ वर्षपछि सडक स्तरोन्नति भएकोमा बरङ्जाबासी उत्साही भएका सडक निर्माण समितिका तत्कालीन अध्यक्ष मोहनलाल सापकोटाले बताए । 'अप्ठ्यारो ठाउँको खण्डमा अहिले सडक सहज भएकोमा खुसी छौं,' उनले भने, 'पखेरदेखि झाँक्रीपानीसम्मको सबै ११ किलोमिटर सडकलाई स्तरोन्नति गर्न सकेमा अझै सहज हुने थियो ।'

सडक निर्माण कार्यको शुक्रबार अनुगमनका लागि बरङ्जा पुगेका म्याग्दी १(ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीलाई स्थानीयबासीले ग्राभेल भएको सडकलाई पक्की बनाउन, झाँक्रीपानी र बुकेनी, धापुङ हुँदै ताराखोलाको सिर्पुतर्फ स्तरोन्नतिको योजनाका लागि पहल गर्न आग्रह गरेका थिए ।

स्थानीयबासीसमेत रहेका संविधानसभा सदस्य गमबहादुर श्रीस, कार्यवाहक वडाध्यक्ष भेषकुमारी पुनलगायतले सडक स्तरोन्नति योजनालाई निरन्तरताका लागि पहल गर्न प्रस्ताव गरेका थिए । वि.सं. २०८० मा गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको नेतृत्व गरेका पूर्वमन्त्री जुग्जालीले प्रदेश सरकारबाट १० करोड रूपैयाँ बजेटको स्रोत सुनिश्चतता गराई बहुवर्षीय ठेक्का लगाइएको थियो ।

'चालु आर्थिक वर्षमा एक करोड ३९ लाख रूपैयाँ बजेट विनियोजन भएको यस योजनाका लागि आवश्यक पर्ने थप बजेट व्यवस्थापनका लागि सरकारसँग पहल भइरहेको छ,' जुग्जालीले भने, 'मंगला गाउँपालिकाको ३, ४, ५ नम्बर वडा र बागलुङको ताराखोला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्ने यो सडक योजनाको निरन्तरताका लागि पनि प्रयास गरेका छौं ।' बरङ्जा म्याग्दीको धेरै जनघनत्व भएको साविकको गाविस हो । *रासस*

# कर्णालीमा 'पर्यावरणीय कृषिका सिद्धान्त र अभ्यास' प्रशिक्षण

**कर्णाली (प्रस)–** बढ्दो प्रदूषण, जलवायु परिवर्तनको प्रभाव र जैविक विविधताको ह्रास कम गर्न कर्णालीमा 'पर्यावरणीय कृषिका सिद्धान्त र अभ्यास'सम्बन्धी प्रशिक्षण दिइएको छ ।

पर्यवारणीय कृषिमा आधारित खाद्य प्रणाली रूपान्तरण परियोजनाअन्तर्गत कृषि तथा पशुपक्षी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र र जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (लिबर्ड)को साझेदारीमा कर्णाली प्रदेशका सरकारी निकायका कृषि, पशु र वन सेवाका सहायकस्तर (चौथो/पाँचौं तह)का २५ प्राविधिक कर्मचारीहरूलाई 'पर्यावरणीय कृषिका सिद्धान्त र अभ्यास'सम्बन्धी छ कार्य दिनको प्रशिक्षण प्रदान गरिएको हो ।

परियोजना लागू भएका कर्यक्षेत्रहरू सुर्खेत, दैलेख र जुम्लासहित १० वटै जिल्लाबाट कृषि, पशु सेवा तथा वन सेवातर्फका प्राविधिक कर्मचारीलाई परियोजनाको लक्ष्यअनुरूप पर्यवारणीय नमूना गाउँ बनाउने कार्यमा हातेमालो गर्ने हेतुले विशेष सहभागी गराइएको लिबर्डका कर्णाली प्रदेश संयोजक कृष्ण लम्सालले जानकारी दिए । उनका अनुसार ग्रिन इभोलुसन परियोजना जर्मन आर्थिक सहयोग तथा विकास मन्त्रालय र वेल्टहंगरहिल्फे को सहयोगमा नेपाल, भारत र बंगलादेशमा कार्यान्वयन भइरहेको छ ।

प्रदेश संयोजक लम्सालले मूलतः पर्यवरणीय कृषिको सिद्धान्त र व्यवहारलाई सरकारी कृषि प्रसार प्रणालीमा प्रभावकारीरूपमा समावेश तथा अभिवृद्धि गर्ने लक्ष्य राखी प्रदान गरिएको प्रशिक्षणले सिद्धान्तभन्दा व्यावहारिक अभ्यास गर्न जोड दिने बताए । पर्यवारणीय कृषिको मूल भाव 'प्रकृतिसँग मेल खाने खेती प्रणाली भएको उल्लेख गर्दै कृषि क्षेत्रमा काम गर्ने प्राविधिक राष्ट्रको खाद्य सुरक्षाको मेरुदण्ड हो भनेर गर्व गर्नुपर्ने जिकिर गरे ।

कृषि विकास निर्देशनालय सुर्खेतका निर्देशक चित्रबहादुर रोकायले कृषि, पशु र वन तीनै क्षेत्रलाई समावेश गरी दिइएको प्रशिक्षण सरकारी कार्यक्रम तथा योजना तर्जुमा गर्दा पर्यावरणीय कृषि अनिवार्य सर्तका रूपमा दर्ज हुने बताए । कृषि, पशुमा देखिएको रसायनले मानव जीवनमा पारेको असर न्यूनीकरण गर्न प्रांगारिक अर्थात् विषादीरहित उत्पादनमा विशेष जोड दिइने उनको भनाइ थियो ।

कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र सुर्खेतका केन्द्र प्रमुख धनबहादुर कठायतले कर्णालीमा कृषिका महत्त्वपूर्ण काम हुँदै आएको दाबी गरे । विश्वमा कृषि क्षेत्रको विकासका लागि जैविक विविधता, जलवायु परिवर्तन र प्रदूषणका सवालमा ठूलो बहस हुँदै गएको जनाएका उनले पर्यावरणमा आधारित कृषि योजना र कार्यक्रमले मात्र कर्णालीले लिएको अभियान अन्तर्राष्ट्रिय जगतमा पुर्‍याउन सकिने बताए ।

छ दिनसम्म चलेको प्रशिक्षणमा सैद्धान्तिक र व्यावहारिक दुवै पक्षमा विशेष जोड दिइएको थियो । सहभागी देवकुमारी पौडेलले कृषि उपज प्रणाली, पशु स्वास्थ्य व्यवस्थापन, माटोको उर्वरता, वृद्धिका जैविक उपाय, व्यवस्थापन, जैविक कीटनाशक प्रयोग, न्यूनतम खनजोत प्रविधि, परागसेचक संरक्षण, तथा जैविक प्रमाणीकरण र बजार प्रवर्द्धनबारे प्रशिक्षण प्राप्त गरेको बताइन् ।

# गुल्मीमा भेटिए थप ३० प्रजातिका चरा



**गुल्मी–** गुल्मीमा थप ३० प्रजातिका चरा फेला परेका छन् । नेपाल पक्षी संरक्षण संघले गरेको पछिल्लो अध्ययनका क्रममा जिल्लाको थाप्ले सत्यवती वन क्षेत्रमा चराका नयाँ ३० प्रजाति फेला परेको हो ।

यससँगै जिल्लामा चराको कूल प्रजाति संख्या ३५५ पुगेको छ । जिल्लाको रेसुंगा, मदाने र थाप्ले सत्यवती वन संरक्षण क्षेत्रमा उक्त संख्यामा चराहरू रहेका संघका परियोजना अधिकृत शम्भु भट्टराईले जानकारी दिए । यही क्षेत्रमा पछिल्लो अध्ययनमा विभिन्न ३० प्रजातिका चरा फेला परेका उनले बताए ।

नयाँ फेला परेका चरामा तिलहरी, मोटो ठूँडे, पुष्प कोकिला, उमाचाँचर, तिबिल्चे, मुरालिडे ढिकुरे भ्याकुर, निलो लघुपँख, हटचुर चाँचर, हलीमुख, सिम कुखुरालगायत रहेका छन् । यहाँ विश्वमा पाइने दुर्लभ चरामध्ये छ प्रजातिका चरा रहेका भट्टराईले बताए । ती चरामध्ये रेसुंगा वन संरक्षित क्षेत्रमा चिरकालीज, रणमत्त महाचिल, डंगर गिद्ध, सेतो गिद्ध, सुन गिद्ध र गोमायो माहाचिल रहेका छन् । यस्तै, काँडे भ्याकुर जिल्लाको रेसुंगा, मदाने र थाप्ले सत्यवती वन क्षेत्रमा रहेको छ ।

'यहाँ नेपालमा पाइने ९०३ प्रजातिका चरामध्ये करिब ४० प्रतिशत चरा फेला परेका छन् । विश्वमा नेपालमा मात्र पाइने काँडे भ्याकुर यस क्षेत्रमा पाइने भएका कारण यसको संरक्षणका लागि वासस्थानलाई जोगाउन लाग्नुपर्ने आवश्यकता छ,' भट्टराईले भने ।

रेसुंगा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले जिल्लामा धार्मिक पर्यटनसँगै चरा पर्यापर्यटनको लागि प्रचुर सम्भावना रहेकाले यसको प्रचार र संरक्षणका लागि लाग्नुपर्ने बताए । यसले पर्यटन प्रवर्द्धन र स्थानीयस्तरमा जीविकोपार्जनमा टेवा पुग्ने भएकाले नगरपालिकाले यसमा काम गर्ने बताए । पक्षी संरक्षण संघले विगत १० वर्षदेखि जिल्लामा डिभिजन वन कार्यालयसँग सहकार्य गरी चरा संरक्षणका क्षेत्रमा काम गर्दै आएको छ । *रासस*

# ज्येष्ठ नागरिकका लागि आवास केन्द्र सञ्चालन

**चितवन (प्रस)–** जिल्लामा पहिलोपटक ज्येष्ठ नागरिकका लागि 'डेकेयर' तथा आवास केन्द्र सञ्चालनमा आएको छ । आरोग्य केयर होम भरतपुरले भरतपुर महानगरपालिका-११ नौरंगेमा उक्त केन्द्र स्थापना गरी सेवा सुरु गरेको हो ।

प्रारम्भिक चरणमा १५ जना ज्येष्ठ नागरिकलाई आवासीय सेवा प्रदान गर्नेगरी केन्द्र सञ्चालनमा आएको हो । यहाँ फिजियोथेरापीसहित विभिन्न स्वास्थ्य सेवा, मनोरञ्जनात्मक कार्यक्रम, सामाजिक क्रियाकलापलगायत गतिविधि सञ्चालन गरिने केन्द्रका अध्यक्ष हीरामान महर्जनले जानकारी दिए ।

उनले भने, 'केन्द्र स्थापना गर्नुको मुख्य उद्देश्य ज्येष्ठ नागरिकको स्वास्थ्य, मनोरञ्जन र सामाजिक सहभागितालाई प्रोत्साहन गर्नु हो ।' योसँगै ज्येष्ठ नागरिकलाई परिवारबाहिर पनि सामाजिक तथा मानसिकरूपमा सक्रिय रहन सहयोग पुग्ने अपेक्षा गरिएको उनले बताए ।

केन्द्रमा फिजियोथेरापी सेवा, शल्यक्रियापछिको हेरचाह, डिमेन्सिया (६० वर्षभन्दा माथिका लाग्ने एक प्रकारको बिर्सने रोग), अल्जाइमर, पार्किन्सन रोगीको हेरचाह, पक्षघात (प्यारालाइसिस) भएका बिरामीको हेरचाह, 'पेलियटिभ केयर' (क्यान्सरको अन्तिम चरणको उपचारमा रहेकालाई सान्त्वनासहितको सेवा) लगायत सेवा उपलब्ध गराइने अध्यक्ष महर्जनले जानकारी दिए ।

> “प्रारम्भिक चरणमा १५ जना ज्येष्ठ नागरिकलाई आवासीय सेवा प्रदान गर्नेगरी केन्द्र सञ्चालनमा आएको हो ।

हाल दैनिकरूपमा नियमित सेवा दिँदै आएको केन्द्रले भविष्यमा आवश्यकताअनुसार सेवा विस्तार गर्ने योजनासमेत बनाएको केन्द्रका सूचना अधिकारी फडिन्द्र न्यौपानेले बताए । उनका अनुसार केन्द्र ४५ जना सेयर सदस्यको लगानीमा स्थापना गरिएको हो । करिब दुई करोड रूपैयाँको लगानीमा पाँच कठ्ठा क्षेत्रफलमा निर्माण गरिएको केन्द्रले प्रारम्भिक चरणमा १५ शयचाबाट सेवा सुरु गरेको छ ।

केन्द्रमा हाल १५ जना कर्मचारी कार्यरत छन्, जसमध्ये सात जना केयर गिभर (हेरचाहकर्ता) रहेका सूचना अधिकारी न्यौपानेले जानकारी दिए । उनका अनुसार आवासीय संरचनाअन्तर्गत १० वटा सामान्य शयचा र पाँच वटा मेडिकल क्याबिनको व्यवस्था गरिएको छ ।

सम्पूर्ण भवन अपांगतामैत्री संरचनाअनुसार निर्माण गरिएको न्यौपानेले जानकारी दिए । ज्येष्ठ नागरिकको स्वास्थ्य सेवाका लागि विशेषज्ञ चिकित्सकबाट अन-कल (घरमै स्वास्थ्य सेवा) समेत उपलब्ध गराइने केन्द्रले जनाएको छ ।




## प्रेम सेनको 'यो सिन्दूर तिमीलाई'

गायक प्रेम सेनले नयाँ गीत 'यो सिन्दूर तिमीलाई' ल्याएका छन् । गीतमा कमल खत्रीको शब्द तथा संगीत छ भने एरेन्ज विजेश्वर तण्डुकारले गरेका छन् । तास स्टुडियोमा रेकर्ड गरिएको गीतलाई रेकर्डिङ तथा मिक्सिङ विजेश्वर तण्डुकारले नै गरेका हुन् । गीतको भिडियोमा गायक प्रेम आफैं फिचर्ड छन् । भिडियोमा दिनेश पराजुलीको छायांकन, पूनम चौधरीको मेकअप र विकास धमलाको सम्पादक तथा कलर संयोजन छ ।



# 'कल्ली' टिजरः मानिसभित्र रहने देवता र राक्षसको कथा



■ प्रभाव संवाददाता

**काठमाडौं–** फागुनको १ गतेबाट रिलिजमा आउन लागेको फिल्म 'कल्ली'को टिजर सार्वजनिक भएको छ । सार्वजनिक टिजर बलियो देखिएको छ । यसको बिषयवस्तु फरक छ । किरण नेपालीको निर्माणमा तयार भएको यो फिल्मलाई लक्ष्मण सुनारले निर्देशन गरेका हुन् । सुनारकै कथा रहेको फिल्मलाई महेश दवाडीले लेखेका हुन् ।

यो फिल्ममा उत्तम प्रधान, सौगात मल्ल, अर्पण थापा, बेनिशा हमाल, सुलक्षण भारती, नाजिर हुसेन, वर्षा राउत, बेगम नेपाली, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, अर्जुन गुरुङ, सन्जोक राणा, गीता अधिकारी, कुल बहादुर अधिकारी, सरस्वती खत्री र श्याम मगरको मुख्य भूमिका छ ।

फिल्ममा उपेश ढकाल, मञ्जिला बाँनिया र समर्पण खतिवडा बाल-कलाकारको रूपमा देखिएका छन् । नायिका परिक्षा लिम्बुलाई टिजरको अन्तिममा देख्न सकिन्छ । उनी, फिल्ममा सरप्राइज प्याकेजको रूपमा देखिएकी छिन् ।

निसाल पौडेलको छायांकन रहेको फिल्ममा मिलन श्रेष्ठको सम्पादन छ । आशिष अविरल, सरित राई र केतन क्षेत्रीको संगीत रहेको यो फिल्ममा एनबी महर्जनको एक्सन छ । सुरज आचार्य फिल्मका निर्माण प्रमुख हुन् ।

फिल्म 'कल्ली'ले भगवान् र राक्षसको कथा प्रस्तुत गरेको छ । यो फिल्मले मानिस भित्र हुने देवता र राक्षसको कथालाई उठान गरेको छ ।

मानिसको मनमा हुने देवताले परिश्रम, मिहिनेत र इमानको भाव बोक्छ भने राक्षसले लोभ, लालच र मोहको भाव बोक्छ । मानिसले आफ्नो मन भित्रको देवतालाई मारेर राक्षसलाई निम्त्याएपछि उत्पन्न हुने परिस्थितीको कथालाई यो फिल्मले प्रस्तुत गरेको छ । फिल्मको मेकिङ बलियो देखिएको छ ।

टिजरमा प्रस्तुत गरिएको ब्याक ग्राउन्ड स्कोर र केही संवादले दर्शकलाई हलसम्म तान्न महत्वपूर्ण भूमिका खेल्ने देखिएको छ । लेकाली इन्टरटेन्मेन्ट र कस्तुरी प्रोडक्सनको व्यारनमा यो फिल्म निर्माण भएको हो ।

# आदिवासी चलचित्र अवार्ड वितरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता धिरेन शाक्य र राजेन्द्र खड्गीलाई सम्मानसहित चलचित्र र गीत संगीतको विभिन्न ३२ विधामा अवार्ड प्रदान गर्दै तेस्रो राष्ट्रिय आदिवासी संगीत एवम् चलचित्र अवार्ड २०८२ काठमाडौंमा सम्पन्न भएको छ ।

चलचित्र विकास बोर्डमा आयोजित अवार्ड समारोहमा अभिनेता धिरेन शाक्य, अग्रज द्वन्द्व निर्देशक राजेन्द्र खड्गी, अग्रज लोक गायक कृष्ण गुरुङलाई विशेष सम्मान गरिएको छ । अभिनेता देवेन्द्र नेम्वाङ, सञ्चारकर्मी अनिल गुरुङ, संगीतकार विशाल योञ्जन, कलाकार तथा व्यवसायी टासी गुरुङ र ह्याङला रिमठिम तामाङ डम्फु संघ नेपाललाई पनि कार्यक्रममा सम्मानित गरियो । अवार्डको निर्णायकमा चलचित्र निर्देशक दिनेश लिङदेन, संगीत संयोजक डिका गुरुङ, संगीतकार आरम्भ तामाङ, राज लिम्बु शुक्र थिए ।

समारोहमा आदिवासी चलचित्र तर्फ उत्कृष्ट चलचित्रको अवार्ड लिम्बु चलचित्र नाम ओती र निर्देशकको अवार्ड चलचित्र टुहुरीबाट जनक गुरुङले तिजे । आदिवासी चलचित्रतर्फ उत्कृष्ट अभिनेताको अवार्ड नाम ओतीबाट पूर्णबहादुर लिम्बुले उत्कृष्ट अभिनेत्रीको अवार्ड श्होङबाट रूपा एस घले हासिल गरे ।

यस्तै आदिवासी चलचित्रतर्फ नै गुरुङ चलचित्रबाट टुहुरीबाट चरित्र अभिनेताको अवार्ड कुमार साम्री घले, चरित्र अभिनेताको जुरी अवार्ड अच्युत गुरुङ र चरित्र अभिनेत्रीको अवार्ड पनि टुहुरीबाटै कमला राई (करु) ले हासिल गरे । यसैगरी लिम्बु चलचित्रतर्फ चरित्र अभिनेताको अवार्ड चलचित्र चे बाट



तीर्थराज लिम्बु र चरित्र अभिनेत्रीको अवार्ड नाम ओतीबाट ज्योति लिम्बुले हासिल गरे ।

समारोहमा तामाङतर्फ तामाङ सेलो उत्कृष्ट गायकको अवार्ड सातै प्रदेशबाट देवलाल मोक्तान र जुरी अवार्ड आजको रमाइलोबाट हरिलाल तामाङ, तामाङ सेलो गीत उत्कृष्ट गायिकाको अवार्ड हुरहुर दौंतरीबाट ओङमु शेर्पा र जुरी अवार्ड झेवा मैच्याङबाट लक्ष्मी घिसिङले प्राप्त गरे ।

तामाङ गीत उत्कृष्ट पुरुष मोडलको अवार्ड फनफनी घुम्नेबाट मंगले तामाङ (मनोज थीङ) र यही विधामा पब्लिक च्वाइस अवार्ड साइला नक्कले गीतबाट सुजन घलेले हासिल गरे । तामाङ सेलो उत्कृष्ट महिला मोडलको अवार्ड 'जाडो बढ्यो' याङ्गी दोङले र महिला मोडल जुरी अवार्ड 'तुम्लिङटार गीत'बाट सपना तामाङले प्राप्त गरिन् ।

यस्तै म्हेन्दोमाया उत्कृष्ट गायकको अवार्ड संकेन तोमौबाट सुमन घलेले म्हेन्दोमाया उत्कृष्ट गायिकाको अवार्ड हंगामा मच्चाइबाट सिता लामाले हासिल गरिन् । यही विधामा मायालाई चिनो गीतबाट डोल्मा लोप्चनलाई जुरी अवार्ड प्रदान गरियो । यस्तै म्हेन्दोमाया महिला मोडलको अवार्ड तोला तोला गीतको भिडियोबाट सलिना तामाङले प्राप्त गरिन् ।

यस्तै मौलिक/गुरुङ गीत उत्कृष्ट गायिकाको अवार्ड मारै ट झललबाट पवित्र गुरुङले, जुरी अवार्ड फूलको थुङ्गाबाट दुर्गा गुरुङ र पब्लिक च्वाइस अवार्ड तमु समाज युके गीतबाट अनिता गुरुङले हासिल गरे ।

लिम्बु गीत उत्कृष्ट गायकको अवार्ड पालाम आनिङबा ५ बाट शम्भु फोम्बाले, जुरी अवार्ड मिघम्बबाट तानाम तान्छो लावतीले, लिम्बु गीत उत्कृष्ट गायिकाको अवार्ड अम्लेङसा के ओत्लबाट हेमुस्मृती चोङ्बाङले प्राप्त गरे । लिम्बु गीत भिडियो पुरुष मोडलको अवार्ड पालाम फुङहेक्के २ हर्क घिसिङ, महिला मोडलको अवार्ड सोमिप्पाबाट सुम्निमा खापुङ लिम्बुले प्राप्त गरे भने चिन्डोमा धान छ गीतको भिडियोबाट मिना लिम्बुले चरित्र अभिनेत्रीको अवार्ड चुमिन् ।

मौलिक गीत गायनतर्फ उत्कृष्ट गायकको अवार्ड तमु समाज युके गीतबाट आर के गुरुङले, पब्लिक च्वाईस अवार्ड ढोल भ्याम्टोबाट नन्दु राईले, मौलिक उत्कृष्ट गायिकाको अवार्ड उहिलेको मायाबाट शिला राईले, जुरी अवार्ड हौ लुंगाबाट रबिन लेछारले हासिल गरे । आदिवासी गीत गायिकाको अवार्ड काफल पाक्दा बनैमाबाट जुनी खालिङ राई, आदिवासी गीत गायकको अवार्ड लकु फोरीबाट मिस्टर एलोन सोनाम गुरुङलाई प्रदान गरियो ।

आदिवासी म्युजिक भिडियो निर्देशकको अवार्ड जोडी राम्रोबाट रमेश थापामगर, नृत्य निर्देशकको अवार्ड तमु समाज युकेबाट तेन्याङ (सरु) गुरुङ राना, आदिवासी गीत उत्कृष्ट महिला मोडलको अवार्ड हङकङको चिनोबाट रिस्ता गुरुङले, महिला मोडल पब्लिक च्वाइस अवार्ड लकु फोरीबाट देचाङ अंगमा घलेले र आदिवासी म्युजिक भिडियो बाल कलाकारको अवार्ड लकु फोरीबाट तेन्जिङ जस्टिङ गुरुङले प्राप्त गरे ।

यस्तै आदिवासी उत्कृष्ट गीतकारको अवार्ड तमु समाज युकेगीतबाट सूर्य गुरुङ, आदिवासी गीत उत्कृष्ट संगीतकारको अवार्ड लकु फोरी गीतबाट मिस्टर एलोन सोनाम गुरुङ र आदिवासी म्युजिक भिडियो छायांकारको अवार्ड डोको चोयालेबाट सञ्जय बुढाथोकी मगरले प्राप्त गरे ।

आदिवासी गीत भिडियो मेकअप आर्टिष्टको अवार्ड आन्छी मिम आफाल्लाङ गीतको भिडियोबाट सोम मगरांतीले प्राप्त गरे । समारोहमा वर्षको सर्वोत्कृष्ट आदिवासी गीतको अवार्ड हङकङको चिनोले हासिल गर्यो भने तमु समाज युकेलाई पब्लिक च्वाइस अवार्ड प्रदान गरियो । क्वालिटी फिल्मस् प्रालिको आयोजनामा अवार्ड सम्पन्न भएको थियो ।



नवौं एनभिए भलिबल

# रूकुमपश्चिम र आर्मीको जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** नवौं एनभीए महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपमा विदेशी खेलाडीसम्मिलित रुकुम पश्चिमले विजयी सुरुआत गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा शनिबार बुढानिलकण्ठ भलिबल क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको हो ।

योसँगै समूह 'बी' मा रहेको रुकुम पश्चिमले ३ अंक हात पारेको छ । बुढानिलकण्ठले तीनवटै सेटमा चुनौती प्रस्तुत गरेको थियो । तर, तीन पाकिस्तानी खेलाडी मजर अली, वालिद खान र अहमद खानलाई पहिलोपल्ट टोलीबाट उतारेको रुकुम पश्चिमले सहजै खेलमा आफ्नो पकड बनायो ।

पहिलो सेट रुकुम पश्चिमले २५-१९ ले आफ्नो बनायो । तर, दोस्रो र तेस्रो सेटमा बुढानिलकण्ठले उत्तिकै चुनौती दियो । तर, दुवै सेट २५-२१ ले गुमाउन पुग्यो ।

**आर्मी विजयी**

विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई सकसमा पारे पनि कोशी प्रदेशले नवौं एनभीए महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपमा पुरुषतर्फ निराशाजनक नतिजा हात पारेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा शनिबार कोशी ३-० को सोझो सेटमा पराजित भएको हो ।

योसँगै समूह 'डी' मा रहेको आर्मीले ३ अंक हात पारेको छ । घरेलु भलिबलमा लामो समय आफ्नो दबदबा कायम राख्दै आएको आर्मीलाई कोशीले तीनवटै सेटमा चुनौती प्रस्तुत गरेको थियो । तर, अनुभवको कमीले आर्मीलाई पाखा लगाउन सकेन ।

पहिलो सेट आर्मीले २५-२३ ले आफ्नो बनायो । कुनै समय आर्मी २०-१८ ले खेलमा पछि थियो । तर, आर्मीले पुनरागमन गर्‍यो । दोस्रो र तेस्रो सेटमा पनि कोशीले आर्मीला उत्तिकै चुनौती दियो । तर, दुवै सेट २७-२५ ले गुमाउन पुग्यो । योसँगै कोशीले खेलमा फर्किने मौका पनि गुमायो ।

# मुम्बई सिटीबाट लगानी फिर्ता लिँदै म्यानचेस्टर सिटी

**काठमाडौं–** नोभेम्बर २०१९ मा सिटी फुटबल ग्रुप (सीएफजी)ले भारतीय फुटबल क्लब मुम्बई सिटीमा लगानी गर्‍यो । त्यतिबेला भारतीय फुटबलको अनुहार धेरै छोटो समयमा परिवर्तन हुने अपेक्षा गरिएको थियो । तर, पाँच वर्ष भित्र त्यो परिदृश्य परिवर्तन भएको छ । म्यानचेस्टर सिटीको स्वामित्त रहेको सीएफजीले पाँच वर्षपछि आफ्नो सम्पूर्ण सेयर फिर्ता लिएको छ ।

सिएफजीले क्लबका पुराना मालिक तथा बलिउड अभिनेता रणबीर कपूर र व्यवसायी विमल पारेखलाई सबै सेयर हस्तान्तरण गरेको हो । सिएफजीको स्वामित्वमा रहँदा मुम्बई सिटीले दुई पटक इन्डियन सुपर लिग (आईएसएल) शिल्ड र दुई पटक आईएसएल कप जित्न सफल भएको थियो । तर, मैदानबाहिरका प्रशासनिक जटिलताले ती उपलब्धिहरू ओझेलमा परे ।

सिएफजीले मुख्यतः इन्डियन सुपर लिग (आईएसएल) को अस्थिर अवस्थालाई कारण देखाउँदै भारतबाट आफ्नो लगानी फिर्ता लिने निर्णय गरेको जनाएको छ । एक विज्ञप्तिमा भनिएको छ, 'व्यावसायिक समीक्षा गर्दा आईएसएलको भविष्य अनिश्चित देखिएको छ र आगामी सिजन कहिले सुरु हुन्छ भन्ने विषयमै स्पष्टता छैन । दीर्घकालीन योजनामा विश्वास गर्ने सिएफजी यस्तो अनिश्चित लिगमा थप लगानी गर्न इच्छुक छैन ।'

उल्लेखनीय छ, २०२५-२६ सिजनको आईएसएल गत सेप्टेम्बरमै सुरु हुने अपेक्षा गरिएको थियो । तर, अखिल भारतीय फुटबल महासंघ (एआईएफए) र व्यावसायिक साझेदार फुटबल स्पोर्ट्स डेभल्पमेन्ट लिमिटेड (एफएसडीएल)बीचको विवादका कारण लिग रोकिएको छ । सर्वोच्चको अनुमतिमा नयाँ टेन्डर आह्वान गरिए पनि कुनै पनि कम्पनीले लिग सञ्चालनमा चासो देखाएको छैन । क्लबहरूले आफैं लिग सञ्चालन गर्ने प्रस्तावसमेत गरे पनि एआईएफएफ अध्यक्ष कल्याण चौबे नेतृत्वको समितिले उक्त प्रस्ताव अस्वीकार गरेको छ ।

# रग्बी संघको साधारणसभाबाट डेढ करोडको बजेट पारित



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल रग्बी संघको १३औं वार्षिक साधारण सभामा १ करोड ३५ लाख रूपैयाँको बजेट पास भएको छ ।

शनिबार आयोजित साधारण सभामा संघका कोषाध्यक्ष दीपक अधिकारीले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरेको हो । सभामा अधिकारीले अर्को वर्षको लागि कुल १ करोड ७ लाखको अनुमानित बजेट पेस गरेका थिए ।

सात प्रदेश, ५८ जिल्ला र ७ वटा राष्ट्रिय क्लबमध्ये अधिकांशको सहभागिता रहेको साधारण सभामा संघका अध्यक्ष दीपक देवकोटाले संघको दायरा बढाउँदै विदेशमा पनि शाखा खोल्ने प्रस्ताव पेस गरेका थिए । जसलाई साधारण सभाले सर्वसम्मत रूपमा पारित गर्‍यो ।

उनले भने,'समूहगत खेलमा नेपालमा रग्बीको भविष्य निकै राम्रो छ । हामी त्यही अनुरूप अभियान थालिरहेका छौं । अन्तर्राष्ट्रिय प्रायोजक खोज्न सके र अन्तर्राष्ट्रिय रूपमा रहेका हाम्रा सहकर्मीहरूको साथले हामीले यो अभियानलाई अगाडि बढाउन सक्छौं ।'

यस्तै संघका महासचिव गोविन्द घिमिरेले यस वर्षको कार्य प्रगति विवरण र आगामी वर्षको संघको योजना प्रस्तुत गरेका थिए । यस वर्ष रग्बीले बंगलादेशमा सम्पन्न रग्बी सिरिज जितेर इतिहास रचेको थियो भने दशरथ रंगशालामा १७ देशको सहभागितामा पुरुष तथा महिला एसिया रग्बीको आयोजना गरेको थियो ।

उक्त प्रतियोगितामा महिला टोलीले उज्बेकिस्तानलाई पराजित गरेको थियो । महासचिव घिमिरेले प्रस्तुत गरेको आगामी वर्ष २०२६ को भावी योजनामा भने विद्यालय तहको प्रतियोगितालाई प्राथमिकता दिएको छ ।

यसअघि साधारण सभाको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव राम चरित्र मेहताले उद्घाटन गरेका थिए । सो अवसरमा उनले रग्बीको वर्ष २०२५ को उत्कृष्ट पुरुष खेलाडी नेपाली सेनाका नवीन बहादुर मगर र महिला तर्फको उत्कृष्ट खेलाडी नेपाली सेनाकै मनीषा घिसिङलाई पुरस्कृत गरेका थिए ।

त्यस्तै उनले राखेपमा भर्खरै सदस्य नियुक्त भएका रग्बी संघका सदस्य सन्त कुमार मेहता, अञ्जना श्रेष्ठ मास्के र मधेस प्रदेश खेलकुद विकास परिषद्का बोर्ड सदस्य निशेष कुमार श्रेष्ठलाई सम्मान गरे ।

समापन समारोहका प्रमुख अतिथि राष्ट्रिय खेलकुद परिषद्का निवर्तमान सदस्य सचिव टंक घिसिङले रग्बीलाई व्यावसायिक बनाउन सबै पक्षले पहल गर्नुपर्ने बताए । उनले रग्बीको स्थायी खेल स्थल निर्माणमा जोड दिँदै यसमा पहल सुरु भइसकेकोले पुरा गर्नमा सबैले जोड दिनुपर्ने बताए ।

# शान्ति प्रयासमा कूटनीतिक समन्वय आवश्यकः ट्रम्प



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको भूमिकाबारे आफ्नो धारणा सार्वजनिक गरेका छन् ।

अमेरिकी सञ्चारमाध्यम पोलिटिकोसँगको अन्तर्वार्तामा राष्ट्रपति ट्रम्पले शान्ति प्रक्रियासँग सम्बन्धित निर्णयहरूमा अमेरिकाको स्वीकृतिको महत्त्वपूर्ण भूमिका रहने संकेत दिएका छन् ।

यो अभिव्यक्ति रूस-युक्रेनबीच करिब चार वर्षदेखि जारी द्वन्द्व अन्त्य गर्ने उद्देश्यले प्रस्तावित शान्ति योजनाबारे छलफल गर्न फ्लोरिडामा हुने ट्रम्प-जेलेन्स्की भेटघाटभन्दा दुई दिनअघि आएको हो । उक्त भेटमा दुवै नेताबीच नयाँ २० बुँदे शान्ति योजनाको प्रारूपमाथि विचार-विमर्श हुने अपेक्षा गरिएको छ ।

मिडिया रिपोर्टका अनुसार प्रस्तावित योजनामा असैनिक क्षेत्रको स्थापना, जापोरिज्झिया आणविक ऊर्जा केन्द्रको व्यवस्थापन, डोनबास क्षेत्रको प्रशासनिक नियन्त्रण तथा द्वन्द्व समाप्तिपछि युक्रेनका लागि अमेरिकी सुरक्षा प्रत्याभूति जस्ता विषयहरू समावेश छन् । यी विषयहरूलाई कूटनीतिक सहमतिको माध्यमबाट अगाडि बढाउने प्रयास गरिने बताइएको छ ।

## जेलेन्स्कीले भने– ६० दिनको युद्धविराम चाहिन्छ

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसले कम्तीमा ६० दिनको युद्धविराममा सहमति जनाएमा युक्रेन संकट अन्त्यका लागि तयार गरिएको शान्ति योजनालाई जनमतसंग्रहमा लैजान आफू तयार रहेको बताएका छन् । अमेरिकी सञ्चारमाध्यम एक्सियोसका अनुसार राष्ट्रपति जेलेन्स्कीले शुक्रबार दिएको अन्तर्वार्तामा यस्तो धारणा व्यक्त गरेका हुन् ।

उनले शान्ति प्रक्रियाका क्रममा क्षेत्रीय विषयमा युक्रेनका लागि अझ राम्रो सहमति हासिल गर्ने प्रयास जारी रहने बताए । तर यदि प्रस्तावित शान्ति योजनामा अत्यन्तै कठिन र संवेदनशील निर्णय लिनुपर्ने अवस्था आयो भने २० बुँदे सम्पूर्ण योजनालाई जनमतसंग्रहमार्फत युक्रेनी जनताकै निर्णयमा सुम्पिनु सबैभन्दा उपयुक्त उपाय हुने उनले बताए ।

राष्ट्रपति जेलेन्स्कीका अनुसार जनमतसंग्रह आयोजना गर्नु राजनीतिक, प्रशासनिक र सुरक्षा दृष्टिले निकै जटिल प्रक्रिया भएकाले त्यसका लागि कम्तीमा ६० दिनको युद्धविराम आवश्यक हुन्छ । उनले मतदानको तयारी, मतदाताको सुरक्षा र निष्पक्ष प्रक्रिया सुनिश्चित गर्न यही अवधि न्यूनतम आवश्यकता भएको स्पष्ट पारे ।

रिपोर्टअनुसार एक वरिष्ठ अमेरिकी अधिकारीले रूसले जनमतसंग्रहका लागि युद्धविराम आवश्यक पर्ने कुरा बुझेको भए पनि उनले अझ छोटो अवधिको युद्धविराम चाहेको संकेत दिएको बताए । जेलेन्स्कीले आइतबार अमेरिकाको फ्लोरिडा राज्यमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग हुने भेटमा युक्रेन संकट अन्त्यका लागि साझा रूपरेखामा सहमति हुने आशा व्यक्त गरे । उनले अमेरिका-युक्रेनबीच भएका अधिकांश द्विपक्षीय सहमतिहरू हाल पाँचवटा दस्तावेजमा समेटिइसकेको र आवश्यक परे थप एउटा दस्तावेज समावेश गर्न सकिने जानकारी पनि दिए ।

युद्धपछिको सुरक्षा प्रत्याभूतिको अवधिबारे अमेरिकी प्रशासनले १५ वर्षको प्रस्ताव गरे पनि जेलेन्स्कीले त्यो अवधि पर्याप्त नहुने धारणा व्यक्त गरेका छन् । उनका अनुसार युक्रेनलाई दीर्घकालीन र भरपर्दो सुरक्षा प्रत्याभूति आवश्यक छ, र यससम्बन्धी सम्झौता अमेरिका र युक्रेन दुवै देशका संसदबाट अनुमोदन गरिने छ । *रासस/सिन्ह्वा*

## युक्रेनको नयाँ शान्ति प्रस्तावमा रूसको असहमति

**किएभ–** युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आज आइतबार अमेरिकाको फ्लोरिडा राज्यमा राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेट गर्ने तयारी गरेका छन् । यसअघि रूसले युक्रेनी राष्ट्रपति र युरोपेली संघ (इयू) का सहयोगीहरूलाई अमेरिकी मध्यस्थतामा तयार भएको शान्ति योजनामा अवरोध पुर्‍याउने प्रयास गरेको आरोप लगाएको छ ।

उक्त भेटमा नयाँ शान्ति प्रस्तावबारे छलफल हुने छ, जसले युद्धलाई हालको मोर्चामा स्थिर राख्ने र पूर्वी युक्रेनमा सैनिकरहित क्षेत्र सिर्जना गर्ने लक्ष्य राखेको छ ।

जेलेन्स्कीले युरोपेली सुरक्षा संगठनका महासचिव, जर्मनीका प्रमुख मन्त्री र अन्य युरोपेली नेताहरूसँग टेलिफोनमा वार्ता गरेका छन् । नयाँ योजनामा युक्रेनले सम्भावित क्षेत्रीय सम्झौताहरूलाई स्वीकार गरेको देखिन्छ । यसमा सुरक्षा प्रत्याभूति, पुनर्निर्माण र अर्थतन्त्रसम्बन्धी विषयहरू समावेश छन् ।


रूसले भेटअघि योजनाप्रति आपत्ति जनाएको छ । जेलेन्स्कीले भने, 'रूसले सधैं सहमति नदिने कारण खोज्छ । केही दिनभित्र उनीहरूको आधिकारिक जवाफ पत्ता लाग्ने छ ।' उनले युक्रेनले केही क्षेत्र फिर्ता दिनुअघि जनमतसंग्रह गर्ने र परमाणु ऊर्जा केन्द्रमा रूसको सहभागिता आवश्यक नहुने पनि स्पष्ट पारे ।

नयाँ योजनाअनुसार युक्रेनले सैनिक संगठनमा सदस्यता लिन खोजेको कानुनी अधिकार त्याग्नुपर्ने वा रूसले सन् २०१४ देखि कब्जा गरेको भूमि मान्यता दिनुपर्ने सर्त हटाइएको छ । यद्यपि, रूस अझै डोनबास क्षेत्रबाट पूर्णफिर्ता लिन र सैनिक संगठनमा सदस्यता प्रयास रोक्न अडिग रहेको देखिन्छ । *रासस/एएफपी*



क्यानडाको टोरण्टोमा शुक्रबार हिउँ परेको दिनमा सडकमा हिँडिरहेका मानिसहरू । तस्बिरः सिन्ह्वा

# थाइल्याण्ड र क्याम्बोडियाबीच तीन हप्तापछि शान्ति सम्झौता



**फ्नोम पेन्ह–** थाइल्याण्ड र क्याम्बोडियाले शनिबार तत्काल युद्धविराममा सहमति जनाएका छन् । दुवै देशले केही हप्तादेखि जारी सीमा संघर्ष रोक्ने र शान्ति स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

यस क्रममा तीन हप्ताभित्र कम्तीमा ४७ जनाको मृत्यु भएको र एक लाखभन्दा बढी मानिस विस्थापित भएका छन् । सहमतिअनुसार दुवै पक्षले सबै प्रकारका हतियार प्रयोग रोक्ने, नागरिक र संरचनामा कुनै पनि प्रकारको आक्रमण नगर्ने र सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकलाई छिट्टै घर फर्कन अनुमति दिने व्यवस्था लागू गरिने छ । साथै, साइबर अपराध नियन्त्रणमा सहकार्य गर्ने पनि दुवै देशले प्रतिबद्धता जनाएका छन् ।

यो युद्धविराम तीन दिने सीमा वार्तापछि आएको हो, जसमा आसियान, संयुक्त राज्य अमेरिका, चीन र मलेसियाले मध्यस्थता गरेका थिए । विवाद पुरानो उपनिवेशकालीन सिमांकनको कारण सुरु भएको हो, जहाँ प्राचीन मन्दिरमा दुवै देशको दाबी छ ।

थाइल्याण्डका प्रधानमन्त्रीले यसलाई अन्तिम सहमति बनाउन आग्रह गर्दै शान्ति कायम गर्ने र नागरिकलाई घर फर्काउन सहयोग गर्ने बताए । थाइल्याण्डमा आगामी फेब्रुअरी ८ मा आमनिर्वाचन हुने तय भएको छ ।

## युद्धविरामले शान्तिको मार्गप्रशस्त गर्ने राष्ट्रसंघको अपेक्षा

संयुक्त राष्ट्रसंघले थाइल्याण्ड र कम्बोडियाबीच शनिबार भएको युद्धविरामले अन्ततः दुई देशबीच विश्वास निर्माण र शान्ति कायम गर्ने विश्वास व्यक्त गरेको छ । संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर टर्कले थाइल्याण्ड र कम्बोडियाले युद्धविराम पुनः सुरु गरेको समाचारको स्वागत गर्दै भनेका छन्, 'यसले विश्वास निर्माण र शान्तिका लागि मार्गप्रशस्त गर्ने छ ।'

उनले सामाजिक सञ्जाल एक्समा भनेका छन्, 'प्रभावित समुदाय र आप्रवासीहरूले सुरक्षितरूपमा घर फर्कन आवश्यक सबै सहयोग पाउनुपर्छ ।' तोपखाना, ट्यांक, ड्रोन र जेट विमानको तीन हप्ताको सीमा भिडन्तमा दुवै देशका गरी कम्तीमा ४७ जनाको मृत्यु भएको छ भने १० लाखभन्दा बढी विस्थापित भएका छन् । *रासस/एएफपी*

# मलेसियाका पूर्वप्रधानमन्त्री रजाकलाई थप १५ वर्षको जेल सजाय

**क्वालालम्पुर (मलेसिया)–** मलेसियाका पूर्वप्रधानमन्त्री नाजिब रजाक भ्रष्टाचारको मुद्दामा दोषी ठहर भए पछि १५ वर्षको जेल सजाय सुनाइएको छ । क्वालालम्पुर उच्च अदालतले शुक्रबार फैसला सुनाएको अल जजिराले जनाएको छ ।

नाजिबलाई राज्य लगानी कोष १-मलेसिया डेभलपमेन्ट बरहाद (१-एमडिबी) बाट अवैधरूपमा २.२ अर्ब मलेसियन रिंगिट (करिब ५४ करोड ३० लाख अमेरिकी डलर) आफ्नो व्यक्तिगत बैंक खातामा हस्तान्तरण गरेको अभियोगमा दोषी ठहर गरिएको जनाइएको छ । अदालतले उनलाई शक्तिको दुरूपयोग गरेको चार वटा आरोप र सम्पत्ति शुद्धीकरणको २१ वटा अभियोगमा दोषी ठहर गरेको छ ।

फैसला सुनाउँदै न्यायाधीश कोलिन लरेन्स सेक्वेराहले यो मुद्दा राजनीतिकरूपमा सञ्चालित भएको भन्दै नाजिबको बचाउलाई अस्वीकार गरेका छन् । उनले अभियुक्त आफूमाथि लगाइएका आरोपहरूमा राजनीतिक रूपले प्रेरित भन्ने तर्कलाई निर्विवाद खारेज गर्दै अभियुक्तले १-एमडिबीमा आफ्नो शक्तिशाली पदको दुरूपयोग गरी कसुरदार ठहर भएको बताएका छन् ।

नाजिबले प्रधानमन्त्री, अर्थमन्त्री र १-एमडिबीको सल्लाहकार बोर्डको अध्यक्षको रूपमा आफ्नो भूमिकाको दुरूपयोग गरी एक दशकभन्दा पहिले सार्वजनिक कोषलाई व्यक्तिगत लाभका लागि प्रयोग गरेको अल जजिराले जनाएको छ । १-एमडिबी काण्डसँग सम्बन्धित नाजिबको यो दोस्रो सजाय हो । यसअघि सन् २०२० मा कोषबाट करिब एक करोड अमेरिकी डलरको दुरूपयोग गरेको आरोपमा दोषी ठहर गरी १२ वर्षको जेल सजाय सुनाइएको थियो भने पछि सजाय घटाएर छ वर्षमा झारेको थियो । गत वर्ष नाजिबले १-एमडिबी विवादमा आफ्नो भूमिकाका लागि मलेसियालीहरूसँग माफी मागेकोसमेत जनाइएको छ । *रासस/एएनआई*

# सिरियाको मस्जिदमा भएको आतंकवादी आक्रमण अस्वीकार्य : राष्ट्रसंघ

जेनेभा- संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सिरियाको होम्सस्थित अली बिन अबी तालिब मस्जिदमा शुक्रबारको प्रार्थनाका क्रममा भएको आतंकवादी आक्रमणको निन्दा गर्दै यो घटना अस्वीकार्य भएको बताएका छन् । उनले शनिबार उक्त घटनाप्रति शोक व्यक्त जारी गर्दै परिवारप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गरेका छन् ।

सामाजिक सञ्जाल एक्समा गुटेरेसले सिरियाको होम्सस्थित अली बिन अबी तालिब मस्जिदमा प्रार्थनाका क्रममा भएको घातक आक्रमणलगायत नागरिक र पूजास्थलहरूमा हुने आक्रमणहरू अस्वीकार्य भएको उल्लेख गरे ।

सिरियाको इमाम अली इब्न अबी तालिब मस्जिदमा भएको विष्फोटमा कम्तीमा आठ जनाको मृत्यु भएको र १८ जना घाइते भएको जनाइएको छ । सिरियाको स्वास्थ्य मन्त्रालयका अधिकारीहरूलाई उद्धृत गर्दै प्रारम्भिक तथ्यांकअनुसार विष्फोटमा आठ जनाको मृत्यु भएको हुनुका साथै अन्य १८ जना घाइते भएको एएनआईले बताएको छ ।

पीडितहरूलाई थप उपचारका लागि होम्सको करम अल-लुज अस्पतालमा सारिएको पनि उल्लेख गरिएको छ । आन्तरिक मन्त्रालयले आन्तरिक सुरक्षा युनिटहरू घटनास्थलमा तैनाथ गरेको र मध्य सिरियाको होम्सको वाडी अल-दहाब जिल्लाको मस्जिद वरिपरि सुरक्षा घेरा स्थापना गरेको बताएको छ ।

सम्बन्धित अधिकारीहरूले अनुसन्धान सुरु गरेका छन् र आपराधिक कार्यका लागि जिम्मेवारहरूलाई पत्ता लगाउन प्रमाण संकलन गर्न थालेका छन् । एक सुरक्षा स्रोतले प्रारम्भिक अनुसन्धानका आधारमा मस्जिदभित्र राखिएको विष्फोटक उपकरणबाट विष्फोट भएको संकेत गरेको बताएको छ ।

विष्फोटको लगत्तै पछि सिरियाली विदेश मन्त्रालयले प्रार्थनाको क्रममा मस्जिदमा भएको विष्फोटको कडा निन्दा गर्दै निर्दोष नागरिकहरूको पीडित भएको जनाएको छ । मन्त्रालयले विज्ञप्तिमार्फत घटना कायरतापूर्ण कार्य भन्दै यसले मानवता र नैतिक मूल्यमान्यतामा स्पष्ट आक्रमण गरेको र यसले सिरियालाई अस्थिर पार्ने र सिरियाली जनतालाई कमजोर पार्ने बताएको छ ।

मन्त्रालयले पीडित परिवारप्रति गहिरो समवेदना र हार्दिक सहानुभूति व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामनासहित पीडादायी अवस्थामा सिरियाली जनतासँग पूर्ण एकता व्यक्त गरेको छ । *रासस/एएनआई*

# दक्षिणी क्रेटबाट थप १३१ जना आप्रवासीहरूको उद्धार

**एथेन्स (ग्रिक)–** ग्रीकका तटरक्षकहरूले शनिबार क्रेटबाट थप १३१ जना आप्रवासीहरूलाई उद्धार गरेको जनाइएको छ । ये सँगै यस क्षेत्रमा विगत पाँच दिनमा समुद्रबाट बाहिर निकालिएका मानिसहरूको संख्या ८४० पुगेको प्रहरी प्रवक्तालाई उदृत गर्दै एएफपीले जनाएको छ ।

शनिबार उद्धार गरिएका आप्रवासीहरू क्रेटको दक्षिणमा रहेको सानो टापु ग्याभडोसबाट करिब १४ नटिकल माइल दक्षिणमा माछा मार्ने डुंगामा सवार थिए । यात्रुहरूको राष्ट्रियता खुलासा गरिएको थिएन भने उद्धारपछि सबैलाई गावडोस लगिएको जनाइएको छ ।

लिबियाबाट क्रेट पुग्ने प्रयास गरिरहेका धेरै मानिसहरू जोखिमपूर्ण यात्रा गर्दा डुबानमा पर्ने गरेको जनाइएको छ । डिसेम्बरको सुरुमा, क्रेटको तटमा उनीहरूको डुंगा डुबेपछि १७ जना (प्रायः सुडानी वा इजिप्टेली) मृत फेला परेका थिए भने अन्य १५ जना बेपत्ता भएको रिपोर्ट गरिएको थियो । जसमा दुई जनामात्रै बाँच्न सफल एको जनाइएको छ ।

संयुक्त राष्ट्रसंघीय शरणार्थीका लागि उच्चायुक्तका अनुसार यस वर्षको सुरु देखि युरोप जान खोज्ने १६ हजार ७७० भन्दा बढी व्यक्तिहरू क्रेटमा आएका छन्, जुन अन्य ग्रिसेली टापुको तुलनामा बढी हो । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २६९३०० | प्रति तोला – ० | प्रति तोला – ४५६५ |



**मौरी चरन** | मोरङको बेलबारी-११ भाङबारी नजिकै तोरी बारीमा चरनका लागि राखिएको घारसहित मौरी । *तस्बिर: विवेक मिश्र/रासस*

# पर्यटन क्षेत्रलाई उद्योग सरहको मान्यता दिन माग

■ **प्रभाव संवाददाता**

**गण्डकी**– होटल संघ पोखराले पर्यटन क्षेत्रलाई उद्योग सरहको मान्यता दिन माग गर्दै सरकारको ध्यानाकर्षण गराएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हालाई शनिबार पोखरामा स्वागतसहित पाँच बुँदे ध्यानाकर्षण पत्र बुझाइएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले बताए ।

चालु बजेटमा पर्यटन क्षेत्रलाई उद्योग सरहको मान्यता प्रदान गरी सोहीअनुसारको सुविधा प्रदान गर्ने विषय उल्लेख गरिए पनि त्यो कार्यान्वयन हुन नसकेको ध्यानाकर्षण पत्रमार्फत स्मरण गराइएको उनले जानकारी दिए ।

ध्यानाकर्षण पत्रमा हालसम्म आन्तरिक उडानमा मात्रै सीमित रहेको पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट भारत र चीनका विभिन्न सहरमा उडान सञ्चालन गराउन आवश्यक पहल अगाडि बढाउन, छिमेकी देशका सीमावर्ती सहर र आन्तरिक पर्यटकलाई

**▸▸ पर्यटन क्षेत्रलाई उद्योग सरहको सहुलियत दिने विषयमा छलफल अगाडि बढेको र छिट्टै कार्यान्वयन हुने आश्वासन दिए ।**

लक्षित गर्दै प्रादेशिक सहरबीच आन्तरिक हवाई सञ्जाल विस्तार गर्न माग गरिएको छ ।

यसैगरी विसं २०७२ भन्दा पहिले निर्माण भएका साना तथा मझौला होटल उद्योगहरूले गर्नुपर्ने वातावरणीय अध्ययन व्यवहारिक नभएको भन्दै यसलाई खारेज गर्न माग गरिएको छ । जेनजी आन्दोलनबाट प्रत्यक्ष प्रभावित होटल प्रतिष्ठानलाई पुनरुत्थानका लागि उचित राहतको व्यवस्था गर्न र पोखरासँग जोडिएका मुख्य राजमार्गको स्तरोन्नति कार्यलाई तोकिएको समयसम्म पूरा गर्न सम्बन्धित निकायलाई दबाब दिनुपर्ने आवश्कतासमेत संघले स्मरण गराएको छ ।

ध्यानाकर्षणपत्र बुझ्दै मन्त्री सिन्हाले पर्यटन क्षेत्रलाई उद्योग सरहको सहुलियत दिने विषयमा छलफल अगाडि बढेको र छिट्टै कार्यान्वयन हुने आश्वासन दिए । पोखराबाट अन्तरराष्ट्रिय उडान गर्ने विषयमा पनि सरकार लागि परेको उनले बताए । गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले विमानस्थलको विषयमा धेरै पटक संघीय सरकारको ध्यानकर्षण गराइएको स्मरण गराउँदै अब पूर्ण सञ्चालनमा ढिलाइ गर्न नहुने बताए ।

त्यस अवसरमा नेपाल पर्यटन बोर्डका पूर्वसदस्य एवम् संघका सल्लाहकार विश्वशंकर पालिखे, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय प्रमुख मणिराज लामिछाने, पोखरा पर्यटन परिषद्का प्रथम उपाध्यक्ष हरि भुजेललगायतले पर्यटन क्षेत्रको विकासका लागि गरिनुपर्ने विभिन्न विषयबारे सुझाव प्रस्तुत गरेका थिए ।

# वीरगञ्ज भन्सारको राजस्व पेट्रोलियम पदार्थ र सवारी साधन आयातमा निर्भर

■ **प्रभाव संवाददाता**

**वीरगञ्ज (पर्सा)**– वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट मात्रै रु ३० अर्ब २५ करोड संकलन गरेको छ ।

वीरगञ्ज हुँदै पाँच महिनामा पाँच थरिका रु ७२ अर्ब २८ करोडको पेट्रोलियम पदार्थ आयात हुँदा सो राजस्व संकलन भएको हो । राजस्वमा पेट्रोलियम पदार्थको हिस्सा भने ३१ दशमलव ३९ प्रतिशत छ ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्ट वीरगञ्ज भन्सारको राजस्वको मुख्य आधार नै पेट्रोलियम पदार्थ र सवारीसाधनको आयातबाट प्राप्त हुने राजस्व रहेको बताए ।

त्यस्तै दोस्रो धेरै राजस्व भने यातायात साधन र तिनका पार्टपुजा आयातबाट रु १२ अर्ब ७४ करोड रकम प्राप्त गरेको छ । आयातबाट प्राप्त राजस्वमा यातायातको साधन र पार्टपुर्जाको हिस्सा भने १३ दशमलव २२ प्रतिशत रहेको छ ।

त्यस्तै फलाम तथा फलामबाट बनेका सामानबाट भने रु पाँच अर्ब ६५ करोड राजस्व संकलन गरेको छ । त्यस्तै कपडाहरूको आयातबाट भने रु चार अर्ब ८५ करोड राजस्व संकलन भएको छ । वीरगञ्ज भन्सार कार्यालयले चालु आवको पाँच महिनामा समग्रमा रु ९६ अर्ब ३८ करोड राजस्व संकलन गरेको छ ।

# अलैंचीको निर्यात ६० प्रतिशतले बढ्यो

**झापा (प्रस)**– चालु आर्थिक वर्ष २०८२/०८३ को मङ्सिर मसान्तसम्ममा अलैंचीको निर्यात ६० दशमलव १० प्रतिशतले बढेको छ । मेची भन्सार कार्यालयको तथ्यांकअनुसार उक्त अवधिमा रु पाँच अर्ब ५३ करोड ३२ लाख ४९ हजार बराबरको अलैची निर्यात भएको छ ।

पाँच महिनाको अवधिमा दुई हजार ६२२ दशमलव १० मेट्रिक टन अलैंची निर्यात भएको कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईले जानकारी दिए । अघिल्लो आव २०८१/०८२ को सोही अवधीमा रु तीन अर्ब ४५ करोड ६३ लाख बराबरको अलैंची निर्यात भएको उनले बताए ।

कार्यालयको तथ्याङ्कअनुसार चालु आवको पाँच महिनामा चियाको निर्यात ३१ दशमलव ४० प्रतिशतले घटेको छ । उक्त अवधिमा रु एक अर्ब ८५ करोड ६२ लाख सात हजार मूल्य बराबरको चिया निर्यात भएको छ । अघिल्लो आव २०८१/०८२ को सोही अवधिमा रु दुई अर्ब ७० करोड ३९ लाख ३६ हजार बराबरको चिया निर्यात भएको सूचना अधिकारी हुमागाईले जानकारी दिए ।

कार्यालयको तथ्यांकअनुसार निर्यात हुने मुख्य वस्तुहरूमा भेनीयर सिट १२९ दशमलव ९० प्रतिशत, छुर्पी ३२ प्रतिशत, अदुवा, सुठो ४८ दशमलव ७० प्रतिशत, काउली, ब्रोकाउली र बन्दागोपी ३६ दशमलव १० र मुसुरो दाल ४८१ प्रतिशतले वृद्धि भएको छ । यसैगरी प्लाउड ४६ प्रतिशत, अम्रिसो ३५ दशमलव ५० प्रतिशत र फलामे पाता निर्यातमा ९७ दशमलव ८० प्रतिशतले कमी आएको छ । मेची भन्सारबाट चालु आव २०८२/०८३ को पहिलो पाँच महिनामा रु १० अर्ब ७१ करोड ५४ लाख १३ हजार बराबरको मालवस्तु निर्यात भएको छ ।

# किसानलाई अनुदान रकम प्रदान

**पर्वत (प्रस)**– जिल्लाको बिहादी गाउँपालिकाले गोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरूप अनुदान प्रदान गरेको छ । गाउँपालिकाभित्रका ४७ जना किसानलाई जनही रु १० हजार प्रदान गरिएको छ ।

यान्त्रिक हलो चलाउने दक्ष जनशक्तिको अभाव, ग्रामीण भेगमा इन्धन सहज रूपमा उपलब्ध नहुने, यन्त्र बिग्रेमा मर्मत गर्न समस्या हुने तर गोरु पाल्ने किसानका कारण कृषिकर्मलाई निरन्तरता दिन सहिने भएकले उनीहरूलाई अनुदान दिइएको विहादी गाउँपालिका अध्यक्ष परविन गुरुङले जानकारी दिए ।

ती किसानले यान्त्रिक हलो प्रयोग नगरी गोरु पाल्दै आएका छन् भने परम्परागत रूपमा काठको हलो, जुवा, लिङ्को प्रयोग गरेर खेती गर्दै आएका छन् । छ वडाको विहादीमा वडा नं १ बाच्छाका सात जना, वडा नं २ बर्राचौरका १३ जना, वडा नं ३ रानीपानीका छ जना, वडा नं ४ वहाकीका एक जना, वडा नं ५ उरामपोखराका १२ जना र वडा नं ६ शालिग्रामका सात जना किसानलाई अनुदान रकम प्रदान गरिएको हो ।

यसअघि विहादी गाउँपालिकाले प्रजननका लागि राँगा पाल्ने कृषकलाई रु १० हजार अनुदान, स्थानीय जातका गाई पाल्ने कृषकलाई सुत्केरी भत्ता तथा प्रोत्साहन रकम प्रदान गरेको थियो । यसैगरी, व्यावसायिक दूध उत्पादनका लागि उन्नत जातका गाईभैंसी खरिद गर्ने कृषकलाई प्रतिगाई वा भैंसी रु २० हजार का दरले अनुदान दिइएको छ ।

# खरबारी सुन्तला बगैंचामा परिणत

**म्याग्दी**– म्याग्दीको मंगला गाउँपालिका-३ भेडाबारी र भोर्लेनीका किसानले भिरालो पाखो खरबारीलाई सुन्तला बगैंचामा परिणत गरेका छन् । कोदो, मकैलगायत परम्परागत खाद्यबाली खेती हुने बारीलाई सुन्तला बगैंचामा रूपान्तरण गरिएको हो । सुन्तलाखेतीले पाखो र खरबारीको रूप मात्र नभएर किसानको जिवनस्तरमा समेत सुधार ल्याएको छ ।

अगुवा किसान ओम गिरीले विगतमा खाद्यबाली लगाउने र पशुका लागि खरघाँस पाइने खरबारी रहेको पाखोमा स्थापना गरेको सुन्तलाले उत्पादन दिन थालेपछि अवस्था फेरिएको बताए । 'पाँच सय सुन्तलाका बोट भएको मेरो बगैंचाबाट यसपालि करिब रु ११ लाखको सुन्तला बिक्री भयो', उनले भने, 'पहिले एक पाथी कोदो फल्ने बारीको पाटामा लगाएको सुन्तलाबाट रु एक लाख आम्दानी भयो ।'

गिरीका अनुसार सुन्तलाले बजार पाउन थालेपछि पछिल्लो समय घरवरपरको पाखोमा खरबारीमा झाडी फाडेर पनि बगैंचा विस्तार गर्ने क्रम बढेको छ । भेडाबारीको ४६ रोपनी पाखोबारी सुन्तला बगैंचामा परिणत भएको छ ।



भेडाबारीका तीन घर गिरी दाजुभाइको बगैंचाबाट यसपालि रु २५ लाखको सुन्तला बिक्री हुने अनुमान गरिएको उनले बताए । विसं २०४६ मा स्व रुद्र गिरीले भेडाबारीमा सुन्तलाखेती भित्र्याएका थिए । हजुरबुबाले सुरुआत गरेको सुन्तलाखेतीलाई उनका तीन भाइ छोरा र नौ भाइ नातिहरूले पनि निरन्तरता दिएको प्रेम गिरीले बताए ।

'अरु ठाउँमा बसाइँसराइका कारण गाउँका खेतबारी बाँझिएर झाडीमा परिणत भइरहेको अवस्थामा हामी पेसा, व्यवसायका लागि बजार झरेका छौं । विदेशमा भए पनि सुन्तलाखेतीलाई निरन्तरतासँगै विस्तार पनि गरेका छौं', उनले भने, 'नगदेबाली भएकाले बजारमा हुनेले फुर्सदको समयमा घरमा पुगेर श्रम गर्छौं, विदेशमा भएका दाजु, भाइले मजदुर लगाएर बगैंचा व्यवस्थापन र हेरचाह गर्नुभएको छ ।'

समुद्री सतहदेखि करिब एक हजार मिटर उचाइमा पूर्व फर्किएको भिरालो पाखो भएको भेडाबारीको भूगोल, माटो र जमिन सुन्तलाखेतीका लागि उपयुक्त छ । सडक सुविधा विस्तारसँगै भेडाबारीको छिमेकी भोर्लेनी टोलका बासिन्दाले पनि सुन्तलाखेती विस्तार गरेका छन् । भोर्लेनीका किसानले स्थापना गरेको नयाँ बगैंचामा लगाएको सुन्तलाका बोटमा पनि फल लाग्न थालेको छ ।

विसं २०७३ मा भोर्लेनी र भेडाबारीलाई 'सुन्तलाबारी' घोषणा गरेर सुन्तलाखेती विस्तार अभियान चलाइएको प्रेमले बताए । सुन्तलाखेतीबाट विगतमा दैनिक गुजारा चलाउन पनि कठिन हुने आफूहरूको जीवनस्तरमा अहिले धेरै परिवर्तन आएको उनको अनुभव छ ।

मंगला गाउँपालिकाको केन्द्र बाबियाचौरदेखि पोक हुँदै भोर्लेनी र भेडाबारी जोड्ने कच्ची सडक छ । सिँचाइका लागि पानीको स्रोत पर्याप्त छ । मंगला गाउँपालिकाको कृषि विकास शाखा र बेनीको कृषि विकास कार्यालयले प्राविधिक सहयोग गरेका छन् ।

गाउँमै गाडी पुग्ने भएपछि सुन्तलाको बजारीकरणमा सहज भएको छ । यस वर्ष प्रतिकिलो रु ७० का दरले त्यहाँको सुन्तला बगैंचा रोल्पाका फलफूल व्यवसायी बास्कर बुढाले ठेक्का लिएका छन् । स्वादिलो र रसिलो हुने भएकाले भेडाबारीको सुन्तला बिक्रीमा समस्या नभएको व्यवसायी बुढाले बताए । *रासस*

**समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको सम्बर्द्धन**

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवा सुविधामा पहुँच बढाऔं ।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपांगतामैत्री बनाऔं ।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं ।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं ।
- अवसर र क्षमताका आधारमा अपांगता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं ।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं ।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं ।

**परिवार, समूदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ